प्रकाशकः

नागार्जुन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश

हरिसिद्धि, सीतापाइला, काठमाडौं

स्थानीय विषयको पाठ्यक्रम (कक्षा १–८)

# हाम्रो नागार्जुन

# स्थानीय विषयको पाठ्यक्रम

# कक्षा १-८

प्रकाशकः

नागार्जुन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश

हरिसिद्धि, सीतापाइला, काठमाडौं

# हाम्रो नागार्जुन

## स्थानीय विषयको पाठ्यक्रम

## कक्षा १–८

(संशोधन २०८३)


**नागार्जुन नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

वागमती प्रदेश

हरिसिद्धि, सीतापाइला, काठमाडौं

## पाठ्यक्रम निर्माण/संशोधन सल्लाहकार एवम् सुझाव समिति

१) श्री सुशिला अधिकारी, का.बा. नगर प्रमुख, नागार्जुन नगरपालिका
२) श्री गणेश प्रसाद अर्याल, प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका
३) श्री केशव थापा संयोजक, सामाजिक विकास समिति, नागार्जुन नगरपालिका
३) श्री कृष्णबहादुर कुँवर, शिक्षा शाखा प्रमुख, नागार्जुन नगरपालिका
४) श्री भावना सुवेदी, शाखा अधिकृत, नागार्जुन नगरपालिका
५) श्री विकास खत्री, शाखा अधिकृत, नागार्जुन नगरपालिका
६) श्री वासुदेव घिमिरे
७) श्री शिवराम गिरी

## पाठ्यक्रम संशोधन कार्यदल

१) श्री सुन्दर पन्त, (संयोजक)
२) डा. उत्तम खनाल
३) श्री सुन्दरराज पुरी
४) श्री सन्तोषबाबु पौडेल
५) श्री विना खड्का
६) श्री सविना धिताल
७) श्री संगीता तिमिल्सिना

## विषयवस्तु सम्पादन

श्री सुन्दर पन्त
डा.उत्तम खनाल

## भाषिक संरचना संयोजन

श्री सविना धिताल

## विषयवस्तु व्यवस्थापन

श्री सन्तोषबाबु पौडेल

प्रथम संस्करण : २०७९
संशोधन संस्करण : २०८३

**प्रकाशक:**

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
हरिसिद्धि, सीतापाइला, काठमाडौं ।

# भनाइ

शिक्षा मानव जीवनको अभिन्न अंग हो । कुनै पनि देश, समाज विकासको आधारभूत पक्ष नै शिक्षामा लगानी र शिक्षाको विकास हो । विश्वमा आज धनी, सम्पन्न, शक्तिशाली मानिएका राष्ट्रहरुको पृष्ठभूमि अध्ययन गर्दा त्यहाँको मेरुदण्ड भनेको नै सीपयुक्त शिक्षित जनशक्ति रहेको कुरा स्पष्ट नै छ । त्यसकारण हाम्रो देश नेपालमा पनि संविधानमा नै शिक्षालाई आधारभूत तहको अधिकारको रुपमा उल्लेख गरिएको छ । आजको २१औं शताब्दीको विश्वमा बढ्दो प्रतिस्पर्धात्मक बजारमा अब्बल ठहरिन विद्यार्थीहरुले स्थानीयदेखि विश्वव्यापी विषयवस्तुहरुमा ज्ञान, सीप हासिल गरी व्यवहारमा लागू गर्न सक्नुपर्दछ । त्यसकारण स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा सांस्कृतिक स्रोतसाधनहरुको पहिचान गरी त्यसको महत्वलाई नबुझिकन शिक्षाको उद्देश्य पूरा हुन सक्दैन् र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन् । आजको आवश्यकतालाई हृदयङ्गम गर्दै नागार्जुन नगरपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो नागार्जुन कक्षा १-८, २०७९"** निर्माण गरी नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू भैसकेको छ । उक्त पाठ्यक्रममा देखिएका केही नपुग विषयवस्तु थपघट गरी यसलाई अझ व्यवस्थित बनाउन कार्यदल गठन गरी सो मार्फत संशोधित पाठ्यक्रम २०८३ जारी गरिएको हो ।

इचङ्गुनारायण मन्दिर, ह्वाइट गुम्बा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जका साथै विभिन्न महत्वपूर्ण शैक्षिक, धार्मिक, सांस्कृतिक केन्द्रहरु रहेको बहुजातिय, बहुभाषिक संस्कृति भएको यस नगरपालिकाको पहिचानलाई औपचारिक शिक्षामा विद्यालय तहमा उजागर गरिएकोले यो पाठ्यक्रम महत्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मूलधारमा ल्याउन गरिएको प्रयास एउटा नमूनाको रुपमा नै लिन सकिन्छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-८) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समुदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र विपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले विश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन र सहयोग कार्यदललाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यसैगरी विद्यालयका प्र.अ., शिक्षक, वडाध्यक्षहरू, स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भइ गहन अध्ययन गरी सुझाव दिनुभएकोमा पाठ्यक्रम विकास केन्द्रका विषय विज्ञहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यस पाठ्यक्रमको प्रभावकारिता अझ बढाउनकोलागि कुनै कमी कमजोरी रहन गएमा विज्ञ वर्गको सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने वाचा गर्दछु । यसका साथै यो पाठ्यक्रम यस नगरपालिका र जिल्ला कै महत्वपूर्ण दस्तावेजका रुपमा रहने विश्वासका साथ प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

**सुशिला अधिकारी**
**का.बा. नगर प्रमुख**
**नागार्जुन नगरपालिका, काठमाडौं**

# विषयसूची


| विषयवस्तु | पेज नं. |
|---|---|
| १. परिचय | १ |
| २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया | ४ |
| ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता | ५ |
| ४. विषय क्षेत्र छनोट | ५ |
| ५. तहगत सक्षमता | ६ |
| ६. कक्षागत सक्षमता | ९ |
| ७. विषयवस्तुको क्षेत्र र क्रम | २६ |
| ८. विषयवस्तुको विस्तृतीकरण | ३१ |
| ९. सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन | १४३ |
| १०. विद्यार्थी मूल्याङ्कन | १४५ |
| ११. शिक्षण सिकाइका लागि माध्यम भाषाको छनौट | १५० |
| १२. पाठ्यक्रम मूल्याङ्कन परिमार्जन र सुधार | १५० |
| १३. विशिष्टीकरण तालिका | १५१ |
| १४. कार्यसञ्चयिका वा पोर्टफोलियो | १५५ |

## १. परिचय

### १.१ पृष्ठभूमिः

हाम्रो देश नेपाल भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधताले भरिपूर्ण देश हो । भौगोलिक अवस्था, जातीय तथा सांस्कृतिक विविधतासँगै मानिसहरुका आवश्यकता र चाहनाहरु पनि फरक फरक किसिमका रहेका छन् । यसरी फरक पृष्ठभूमिका ठाउँहरुकालागि पाठ्यक्रम लगायत पठनपाठनको अभ्यास पनि फरक हुन सक्छन् । त्यसकारण आजको युगमा विद्यालय तहमा केन्द्रबाट तयार गरी पठनपाठन हुँदै आएका पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सीप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात गरी स्थानीय पाठ्यक्रमको अवधारणा अघि सारिएको हो ।

साधारण अर्थमा स्थानीय स्तरमा भएका विद्यार्थी तथा स्थानीय समुदायको सर्वाङ्गीण विकासमा महत्त्ववपूर्ण हुन सक्ने विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो। स्थानीय पाठ्यक्रमले स्थानीय क्षेत्रका प्राथमिकतामा रहेका विषयवस्तुहरूलाई समेटी तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुऱ्याउने काम गर्दछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक सम्पदाहरुका साथै स्थानीय परम्परागत पेसा, व्यवसाय, विपद् व्यवस्थापन, असल नागरिक तथा व्यवहार परिवर्तन आदि सँग सम्बन्धित विषयवस्तुहरू समावेश गरेर स्थानीय विद्यालयहरुमा लागू गर्न सकिन्छ ।

### १.२ स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएको व्यवस्थाः

स्थानीय पाठ्यक्रमको अवधारणालाई हेर्ने हो भने नेपालमा वि.सं. २०२८ को शिक्षा ऐनबाट नै केही न केही रुपमा अगाडि बढाएको भएता पनि त्यसको मर्म अनुसार कार्यान्वयन भएको देखिदैन् । बदलिँदो समयक्रमसँगै स्थानीय विषयवस्तुहरुको महत्त्व समेत बढ्दै गएकाले तिनीहरुलाई लागू गर्नुपर्छ भन्ने मान्यता विकास छ। यसका साथै अन्य देशहरुमा समेत स्थानीय विषयवस्तुका पाठ्यक्रमहरु पठनपाठन हुँदै आएको अवस्थामा नेपालमा समेत विभिन्न दस्तावेजमा स्थानीय पाठ्यक्रमलाई नीतिगत रुपमा समावेश गरिएको छ। नेपाल लगायत अन्य मुलुकमा स्थानीय पाठ्यक्रम सम्बन्धी भएका व्यवस्थाहरु निम्नानुसार रहेका छन् ।

### नेपालको संविधानः

नेपालको संविधान (२०७२) को भाग ३ मा मौलिक हकको व्यवस्था अन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। यसको उपधारा (२)मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ भन्ने उल्लेख गरिएको छ। त्यसैगरी उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । अतः यसको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम मार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ। यसका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन नै एक महत्त्ववपूर्ण माध्यम हुन सक्छ ।

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरिएको छ। त्यसैगरी उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएकाले स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रमको महत्त्व रहेको छ भन्ने बुझ्न सकिन्छ ।

### राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात वार्षिक १६० घण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यभार अर्थात वार्षिक १२८ घण्टा रहनेछ भनी व्यवस्था गरिएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

## आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६

पाठ्यक्रम विकास केन्द्रले तयार गरेको एकीकृत पाठ्यक्रम योजना २०७६ अनुसार आधारभूत तहमा पाठयक्रम निर्माण तथा कार्यान्वयन गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

(क) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किराँत मुन्धुमजस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किराँत लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

(ग) कक्षा १–३ को कूल पाठ्यभार २६ पाठ्यघण्टा मध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ । यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्नेछ ।

## स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन, २०७६

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषा सहित) समेतले राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६लाई आधार मानेर स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागू सम्बन्धी मार्गदर्शन प्रदान गरेको छ। जसमा स्थानीय सरकारको अगुवाइमा स्थानीय विद्यालय तथा सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकताका विषयवस्तुहरु समेटी स्थानीय पाठ्यक्रम विकास गरी लागू गर्न सकिन्छ ।

## अन्तर्राष्ट्रिय अभ्यास

नेपालमा मात्र नभई विश्वका धेरै मुलुकमा विद्यालय तहको शैक्षिक गतिविधि सञ्चालन स्थानीय सरकार मार्फत हुँदै आएको पाइन्छ । जसमा विद्यालय स्तरमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन पनि एक महत्त्वपूर्ण अंगको रुपमा अंगालेको पाइन्छ । विशेष गरी युरोपियन मुलुक नर्वे, फिनल्याण्ड लगायतका देशहरुमा विद्यालयहरुले आ-आफ्नै आवश्यकताका आधारमा स्थानमा आधारित पाठ्यक्रमहरु निर्माण गरी लागू गर्दै आएका छन् । यी देशका पाठ्यक्रमहरु विषय क्षेत्रमा आधारित रहेर बनाइएका छन् । स्थानीय आवश्यकता र महत्त्वका आधारमा स्थानीय प्रविधि र सीपलाई जोड दिई प्रयोगात्मक शिक्षालाई प्रर्वधन गर्ने कार्यमा स्थानीय विषयवस्तुका पाठ्यक्रमहरु समेत महत्त्वपूर्ण हुँदै आएका छन् । कतिपय विद्यालयहरुले व्यवसायिक शिक्षा र आर्थिक क्रियाकलापसँग जोडेर पनि पठनपाठन गरिरहेका छन् । जसबाट स्थानीय सांस्कृतिक धरोहर संरक्षण, स्थानीय ज्ञान, सीपको प्रवर्धन हुनका साथै विद्यार्थीहरुमार्फत विद्यालयहरुमा आर्थिक क्रियाकलापहरु संचालन गर्न समेत सहयोग भइरहेको हुन्छ ।

एसियाली देशहरु जापान, चीन, थाइल्याण्ड, फिलिपिन्स लगायतका देशहरुमा पनि स्थानीय आवश्यकताका आधारमा विद्यालयहरुले आफ्नै पाठ्यक्रम बनाएर लागू गर्ने गरेका छन् । यी देशहरुमा पनि स्थानीय संस्कृति, प्रविधि र सीपको प्रवर्द्धन गरी आर्थिक क्रियाकलापसँग जोड्ने तरिकाले पाठ्यक्रमको योजना गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ । विशेष

गरी थाइल्याण्डको स्थानीय पाठ्यक्रमको विकास क्रमलाई हेर्ने हो भने ९० को दशकबाट नै समुदायसँग सम्बन्धित ज्ञानलाई उजागर गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गरी राष्ट्रिय शिक्षा ऐनमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रमको कुरालाई समावेश गरिएको पाइन्छ। त्यसपछिका दिनहरुमा स्थानीय ज्ञानको रुपमा आधारित स्थानीय संस्कृति, प्रविधि, सीप र ज्ञानलाई उजागर गर्दै आर्थिक क्रियाकलापसँग समेत जोडेर आधारभूत तह विद्यालय शिक्षामा ३० प्रतिशतसम्म स्थानीय विषयवस्तुहरु पठनपाठन हुने गरेको छ। यसरी लागू गरिने स्थानीय विषयको पाठ्यक्रमले विद्यार्थीहरुलाई आफ्नो क्षेत्रको प्रकृति, संस्कृति, परम्परागत प्रविधि, सीपको उपयोग, संरक्षण र प्रवर्धन गर्न प्रेरित गर्नुका साथै आर्थिक क्रियाकलापमा समेत सहयोग पुऱ्याइरहेको पाइन्छ।

विश्वव्यापी रुपमै स्थानीय पाठ्यक्रम कार्यान्वयनका उदाहरणहरु अध्ययन अवलोकन गर्ने हो भने सबैजसो देशहरुमा ठाउँ र आवश्यकता अनुसार स्थानीय ज्ञानमा आधारित स्थानीय प्रकृति, संस्कृति, भाषा, परम्परागत सीप र प्रविधिलाई नै उजागर गर्ने गरी पाठ्यक्रमहरु निर्माण गरी लागू गर्ने गरेको पाइन्छ। जसबाट विद्यार्थीहरुमा स्थानीय प्रविधिमा आधारित सीपको विकासमा सहयोग पुग्नका साथै स्थानीय धरोहरहरुको प्रवर्धन र संरक्षणमा समेत महत्त्वपूर्ण योगदान रहन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ। आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नु पूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ। विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिएको छ। सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बाल मनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत तथा कक्षागत संरचना निम्नानुसार निर्धारण गरिएको छ।

| **विद्यालयको तह** | **कक्षा** | **उमेर समुह** | **सिकाइ क्षमता स्तर** |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | १-३ | ५ देखि ७ वर्ष | १ |
| | ४-५ | ८ देखि ९ वर्ष | २ |
| | ६-८ | १० देखि १२ वर्ष | ३ |
| माध्यमिक | ९-१० | १३ देखि १४ वर्ष | ४ |
| | ११-१२ | १५ देखि १६ वर्ष | ५ |

**१.४ विद्यालय शिक्षाको पाठयक्रम संरचनाः**

**आधारभूत तह कक्षा १–३**

| **क्र.स.** | **विषय सम्बन्धी क्रियाकलाप** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | भाषिक सीप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सीप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सीप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| **जम्मा** | | २६ | ८३२ |

**पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिएको छ।**

**आधारभूत तह कक्षा ४–५**

| **क्र.स.** | **विषय** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शरीरिक तथा सृजनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

**आधारभूत तह कक्षा ६–८**

| क्र.स. | विषय | | | | |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा गुरुकुल, वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार मदर्सा शिक्षा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक शिक्षा (सृजनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| **जम्मा** | | | | ३२ | १०२४ |

## २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रियाः

स्थानीय पाठ्यक्रमको विकासका क्रममा विद्यार्थीका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने मान्यताका आधारमा पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई आत्मसात गर्नुपर्दछ । त्यसकारण स्थानमा आधारित शिक्षाको सिद्धान्तले स्थानीय वातावरण तथा स्थानीय जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थी सामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यस्तै सामाजिक पुनः संरचनावादी सिद्धान्तले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ ।

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः स्थानीय स्तरमा आधारित शिक्षा, सामाजिक पुनसंरचनावादी सिद्धान्त तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ । अन्तरविषयक तथा बहुविषयक विषयक्षेत्रमा आधारित भई एकीकृत सिद्धान्तअनुसार पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सीपहरूसमेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिक लगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन तहगत (कक्षा १-३, कक्षा ४-५, कक्षा ६-८) सक्षमताहरू पहिचान गरिएको छ ।

विश्वव्यापी रुपमा रहेका मान्यता तथा नेपालमा भएका नीतिगत व्यवस्थाहरुका आधारमा नै काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका अन्तरगतका विद्यालयहरूका लागि यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । नगरपालिकाका प्रमुख सहित नगर कार्यपालिकाका सदस्यहरू, विद्यालयका शिक्षक शिक्षिकाहरू, स्थानीय बुद्धिजीवी तथा संघसंस्थाहरूको उपस्थितिमा आयोजना गरिएको चरणबद्ध कार्यशालामा विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको स्थानीय विषयका लागि यसै क्षेत्रको प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक, आर्थिक र सामाजिक मूल्य, मान्यता, सकरात्मक व्यवहार, प्रकोप विपद् तथा योग व्यायामको बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन महत्त्वपूर्ण रहेको निष्कर्ष निकालिएको थियो । त्यसै अनुरूप स्थानीय विषय विज्ञहरू तथा मुख्य सरोकारवालाहरूको चरणवद्धरुपमा लेखन, छलफल र अन्तरक्रियाबाट **समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पूर्वाधार** भन्ने नगरपालिकाको नारालाई समेत प्रभावकारी कार्यान्वयन गर्ने

कार्यमा सहयोगी होस् भन्ने हेतुले यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कक्षा १-८ सम्म लागू भएको छ ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता:

नेपालको विद्यालय शिक्षाका लागि नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा निर्माण गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ स्वीकृत भई विद्यालयहरुमा चरणबद्ध रुपमा लागू हुने क्रममा रहेको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा पाँचओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान रहेको छ। त्यसैगरी कक्षा ४-८ मा पनि स्थानीय भाषा वा स्थानीय प्रविधिमा आधारित विषयवस्तु वा स्थानीय आवश्यकताको विषयवस्तुको पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्ने प्रावधान रहेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार स्थानीय विषयको पाठ्यक्रम वा मातृभाषामध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ ।

बालबालिकाको सिकाइको क्रम आफ्नो घर र आफ्नो वरिपरिको वातावरणबाट नै प्रारम्भ हुने गर्दछ । त्यसका लागि बालबालिकाहरूले आफ्नो ठाउँ तथा समुदायको पहिचान गर्ने वातावरणको विकास गर्नुपर्दछ । बालबालिकाहरुलाई स्थानीय क्षेत्रमा भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी गराउनु आजको आवश्यकता हो । यसका साथै स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । त्यसैले स्थानीय तहमा भएका भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञ कै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले नागार्जुन नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई निम्न बुँदाहरूमा अझ स्पष्ट पार्न सकिन्छ :

क) स्थानीय भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।
ख) स्थानीय स्तरका व्यवसाय, पेशाएवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्यको संरक्षण तथा संवर्धन गर्न ।
ग) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।
घ) स्थानीय तहका परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन ।
ङ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।
च) सभ्य र सुसंस्कृत समाजको निर्माणमा सहयोग गर्न ।
छ) स्थानीय खेलकुद, योग, व्यायाम र सन्तुलित भोजनको सीप विकास गर्न ।

## ४. विषय क्षेत्र छनौट:

क) नागार्जुन नगरपालिकाको भौगोलिक, ऐतिहासिक परिचय र नगरपालिकाको संरचना तथा नगरपालिकाले प्रदान गर्ने सेवासुविधाहरु ।
ख) स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी र पशुपंक्षीहरू, प्रदूषण, फोहोरमैला व्यवस्थापन, उर्जा, खनिज, जलवायु परिवर्तन ।
ग) यस क्षेत्रको सेरोफेरोमा रहेका नदीनाला, ताल, पोखरी, जलस्रोत प्रदूषण तथा जलस्रोतको संरक्षण ।
घ) स्थानीय क्षेत्रमा हुन सक्ने भूकम्प, बाढी, पहिरो, आगजनी, चट्याङ, हुरी, बतास र सडक दुर्घटना ।
ङ) स्थानीयस्तरमा प्रचलित भाषा, चाडपर्व, मेलाजात्रा, धर्मसंस्कृति, रीतिरिवाज र भेषभूषा, परम्परागत सामग्रीहरू ।

च)	यस क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद र अन्य धार्मिक सम्पदाहरू ।

छ)	स्थानीय सामाजिक मूल्य मान्यता र सकरात्मक व्यवहार ।

ज)	स्थानीय क्षेत्रमा प्रचलित परम्परागत पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी खेती, हस्तकला, होटल व्यवसाय, उद्योग, पर्यटन आदि) ।

झ)	स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेल, योग व्यायामहरू र सन्तुलित भोजन ।

ञ)	कम्प्युटर शिक्षा, अनलाइन शिक्षा, कृतिम बुद्धिमता (AI), लर्निङ्ग म्यानेजमेन्ट (LMS), साइवर सुरक्षा, डिजिटल सुरक्षा तथा सूचना सञ्चार प्रविधिसम्बन्धी ज्ञान, सीप र व्यवहार ।

## ५. तहगत सक्षमताः

पाठ्यक्रम विकास केन्द्रको प्रावधान अनुसार नेपालमा विद्यालयको तहगत संरचनालाई बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म गरी जम्मा ५ तह रहेको छ। यसै आधारमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रमहरु समेत विकास गरी चरणबद्धरुपमा लागू गरिरहेको छ। जसमा सानो कक्षा (कक्षा १-३)मा एकीकृत पाठ्यक्रमको निर्माण गरी चरणबद्धरुपमा लागू भई रहेको छ। जुन पाठ्यक्रमको अध्ययन अध्यापनबाट विद्यार्थीहरुको सिकाइ उपलब्धी क्षमता कुन तहमा जाँच्न वा मूल्याङ्न गर्न सकिन्छ भन्ने कुरा समेत स्पस्ट गर्न सकिन्छ ।

हाल विकास भएका पाठ्यक्रमहरु सक्षमतामा आधारित भई विकास भएका हुनाले पाठ्यक्रमको लागू पश्चात सहजीकरणका विभिन्न विधि र रणनीतिहरुको प्रयोग गर्न सकिन्छ। जसबाट विद्यार्थीहरुको मूल्याङ्कन गर्दा उनीहरुको बुझाइ तथा ज्ञानको तह र विद्यार्थीहरुको व्यवहारिक परिवर्तनलाई समेत मूल्याङ्कन गर्न सकिन्छ। त्यसैले यो स्थानीय विषयको पाठ्यक्रम समेत सक्षमतामा आधारित भई विकास गरिएको हो। यो पाठ्यक्रमको अध्ययन पश्चात विद्यार्थीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् ।

**कक्षा १-३ को सक्षमताः**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- आफू बसेको ठाउँ, टोल, वडा र नगरपालिकाको पहिचान
- स्थानीय क्षेत्रमा पाइने बोटबिरुवा र जीवजन्तुको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा भएका जलस्रोतको पहिचान र उपयोग
- व्यक्तिगत सरसफाइ र वातावरणीय सरसफाइको सीप
- प्रकोप तथा दुर्घटना र विपद्को पहिचान र सावधानी
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान र संरक्षण
- स्थानीय बाजा, जातजाति, भाषा र भेषभूषाको पहिचान र सम्मान
- आफ्नो मातृभाषा र स्थानीय भाषाको पहिचान गर्न सक्ने
- भाषा प्रयोग गर्दा नम्र र सम्मानजनक व्यवहार गर्न सक्ने
- भाषा र भेषले संस्कृति झल्कन्छ भन्ने बुझ्न सक्ने
- स्थानीय चाडपर्वमा सहभागिता
- चाडपर्व कहिले र किन मनाइन्छ भन्ने बुझ्न सक्ने
- आफ्नो परिवारमा मनाउने चाडपर्वका बारेमा बताउन सक्ने
- चाडपर्वका समयमा हुने सकारात्मक व्यवहार अपनाउन सक्ने
- मेलमिलाप, आदर-सत्कार, सहयोग, सम्मान, पारिवारिक मेलमिलाप जस्ता सामाजिक सीपको विकास
- घर, विद्यालय र समुदायमा शिष्ट व्यवहार गर्न सक्ने
- सबै व्यक्तिप्रति सम्मानजनक व्यवहार गर्ने
- राम्रो बोल्ने र सुन्ने बानी विकास गर्ने
- शिक्षक, अभिभावक र साथीप्रति राम्रो व्यवहार देखाउन सक्ने
- स्थानीय कृषि तथा व्यापार व्यवसायको महत्त्वबोध
- स्थानीय प्रविधिमा आधारित उद्योग- व्यवसायको पहिचान र महत्त्वबोध
- स्थानीय क्षेत्रमा खेलिने खेलहरुको अभ्यास र खेल सामग्रीहरुको उचित प्रयोग
- योग ध्यानको प्रारम्भिक अभ्यास

- स्थानीय क्षेत्रमा भएका तथा संघसंस्था तथा समाज सेवा सम्बन्धित ज्ञान
- स्थानीय क्षेत्रमा भएका भाषा तथा स्थानीय भाषाको शब्दकोष सम्बन्धित ज्ञान

**कक्षा ४-५ को सक्षमताः**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ४ र ५ का विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- आफ्नो नगरपालिका र छिमेकी नगरपालिका/गाउँपालिकाको पहिचान
- नगरपालिका क्षेत्रको भू-बनोटको (वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान
- स्थानीय क्षेत्रमा पाइने औषधिजन्य बोटबिरुवाको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय वन तथा वरपर पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागिता
- नगरपालिका क्षेत्रभित्र भएका पानीका मुहान, सिमसार क्षेत्रको पहिचान, उपयोग, महत्त्वबोध र संरक्षणमा सहभागिता
- वातावरणीय प्रदुषण, त्यसको असर पहिचान र आफ्नो विद्यालय, घर, टोलमा फोहोर व्यवस्थापन सम्बन्धी सीप
- भूक्षय, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, भूकम्प जस्ता प्रकोप तथा सडक दुर्घटनाले ल्याउन सक्ने विपद्को पहिचान, सावधानी तथा सुरक्षाका उपायहरुको अवलम्बन
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुः इचङ्गुनारायण, नागार्जुन, जामाचो, रानीवन, हसनटार गुम्बा जस्ता क्षेत्रहरुको पहिचान, महत्त्व बोध र संरक्षणमा सहभागिता
- स्थानीय जातजातिको भाषा, भेषभूषा, संस्कृतिको महत्त्वबोध र सम्मान
- विभिन्न जातजातिको भाषा र संस्कृतिप्रति सम्मान भाव देखाउन सक्ने
- आफ्नै समुदायका विविधताहरु पहिचान गर्न सक्ने
- सबै जाति समान हुन् भन्ने भावना विकास गर्न सक्ने
- मगर जातिको भाषा, संस्कृति, परम्परा, सामाजिक जीवन र रहन सहन बुझ्न सक्ने
- विविधतामा एकता र सामाजिक सद्भावको महत्त्व बुझ्ने
- स्थानीय मेलाजात्रा, चाडपर्वको महत्त्वबोध र सहभागिता
- आफ्नो समुदायका संस्कृति र परम्परालाई संरक्षण गर्ने भावना विकास गर्ने
- सन्तुलित खानाको आवश्यकता बुझ्ने
- स्वास्थ्य राम्रो राख्न सन्तुलित खानाको भूमिका बुझ्ने
- स्थानीय जातजातिहरुले पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कारको अनुसरण
- पारिवारिक अनुशासन र सकारात्मक सोच
- स्थानीय सामाजिक संघसस्था तथा व्यक्तिको समुदायमा योगदानको महत्त्वबोध र अनुसरण
- स्थानीय क्षेत्रमा गरिने कृषि (तरकारी, कौशी खेती तथा अन्नखेती) बाली लगाउने सीप
- स्थानीय उत्पादनको बजारीकरणको महत्त्वबोध
- स्थानीय प्रविधिमा आधारित उद्योग- व्यवसायको पहिचान, महत्त्वबोध र माटोका केही सामान बनाउने सीप
- स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेलहरुको पहिचान, महत्त्वबोध र अभ्यास
- प्राकृतिक र पत्रु खानाको पहिचान र खाना खाने सहि तरिकाको सीप
- स्थानीय क्षेत्रमा भएका तथा संघसंस्था तथा समाज सेवा सम्बन्धित ज्ञान
- स्थानीय क्षेत्रमा भएका भाषा तथा स्थानीय भाषाको शब्दकोष सम्बन्धित ज्ञान
- कम्प्युटर शिक्षा सम्बन्धित ज्ञान

**कक्षा ६-८ को सक्षमताः**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- नगरपालिकाको भौगोलिक, राजनैतिक, जातिगत संरचनाको पहिचान र नगरपालिकाको नक्सा बनाउने सीप
- नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरुको उपभोग
- स्थानीय क्षेत्रमा भएका वनहरुको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागिता

- स्थानीय वनमा पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागिता र वन्यजन्तु अपराध नियन्त्रणमा सहयोग
- नगरपालिका क्षेत्रभित्र भएका सिमसार क्षेत्रको महत्त्वबोध, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा खानेपानीको अवस्था पहिचान र पानी शुद्धिकरणका स्थानीय उयायहरुको उपयोग
- स्थानीय क्षेत्रको जलस्रोत तथा खनिज पदार्थहरुको संरक्षणका सीपहरु र सहभागिता
- वातावरणीय प्रदुषण न्यूनीकरण र फोहोर व्यवस्थापन सम्बन्धी सीप
- स्थानीय क्षेत्रमा प्रकोपले ल्याउन सक्ने विपद्को असरबाट सावधानी र सुरक्षाका उपायहरुको अवलम्बन
- विद्यालय तथा टोलमा प्रकोप/विपद् व्यवस्थापन योजना निर्माणमा सहभागिता
- स्थानीय धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरु (मन्दिर, गुम्बा, बिहार, चर्च, मस्जिद)हरुको पहिचान, महत्त्व बोध
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा समुदाय र स्थानीय सरकारलाई सहयोग
- स्थानीय जातजाति (मगर, नेवार, तामाङ, गुरुङ, सन्यासी लगायतका जातजाति) को भाषा, संस्कृति, भेषभूषाको महत्त्वबोध, सम्मान र संरक्षण
- स्थानीय मेलाजात्रा दशैं, तिहार, ल्होसार, बुद्ध जयन्ती, सिटी नःख, योमरी पुन्ही, गाईजात्रा, माघी, भूमे पूजा, क्रिसमस, इद जस्ता चाडपर्वमा सहभागीता, धर्म संस्कृतिको सम्मान र संरक्षण
- स्थानीय सामाजिक तथा धार्मिक सहिष्णुता कायम गर्न सहयोग
- विभिन्न जातजातिका चाडपर्वप्रति सम्मान गर्ने भावना विकास गर्ने
- आफ्ना अनुभव वा देखेका चाडपर्वका बारेमा बोल्न वा सुनाउन सक्ने
- दैनिक जीवनका कामहरु आफैं गर्न सक्ने
- अध्ययन, गृहकार्य, समूह कार्य आफैं आत्मविश्वासका साथ निर्णय लिई गर्न सक्ने
- सीप विकासमा रुची देखाउने
- मितव्ययिता अपनाउन सक्ने
- मेहनत, अनुशासन र आत्मनिर्भर जीवनशैली अप्नाउने
- स्थानीय प्रविधिमा आधारित काठ, बाँस, माटोका सामान निर्माण गर्ने सीप तथा परम्परागत प्रविधिमा आधारित सामग्रीको उपयोग
- स्थानीय सामाजिक व्यक्तिको योगदानको अनुसरण
- स्थानीय सामाजिक संघसस्था (रेडक्रस, स्काउट, बाल क्लव आदि) हरुको महत्त्वबोध र सामाजिक कार्यहरुमा सहभागिता
- सामाजिक कुरीति, कुलत र दुर्व्यसनीको असर पहिचान र त्यसबाट बच्ने उपायहरुको अनुसरण
- स्थानीय क्षेत्रमा गरिने कृषि (माछा, बंगुरपालन, फलफूल खेती, पुष्पखेती, जडिबुटी) कार्यहरु सम्बन्धी सीप
- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण सम्बन्धी सीप
- पर्यटनसँग सम्बन्धित व्यवसायको महत्त्वबोध गरी होम स्टे सञ्चालन गर्न
- दैनिक जीवनमा योग ध्यानको महत्त्वबोध गरी अभ्यास
- सन्तुलित र प्राकृतिक भोजनको महत्त्वबोध गरी सन्तुलित भोजनको अभ्यास स्थानीय साहित्य तथा साहित्यकारहरु सम्बन्धित ज्ञान
- अनलाइन शिक्षा तथा सुरक्षा शिक्षा सम्बन्धित ज्ञान

## ६. कक्षागत सक्षमता :

**कक्षा १–३**

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|---|
| १ | नागार्जुन नगरपालिकाको परिचय | नगरपालिकाको भूगोल, राजनैतिक, धार्मिक र सांस्कृतिक परिचय | • आफ्नो नगरपालिका तथा बसोबास गर्ने स्थानको नाम, अवस्था र विशेषता पहिचान गर्न सक्ने । <br>• आफ्नो टोल/बस्तीको भौगोलिक, सामाजिक तथा सांस्कृतिक वातावरणको वर्णन गर्न सक्ने । <br>• समुदायमा रहेको सरसफाइको अवस्थाबारे अवलोकन गरी जानकारी प्रस्तुत गर्न सक्ने । <br>• व्यक्तिगत तथा सामुदायिक सरसफाइमा सहभागी हुने बानीको विकास गर्न सक्ने । <br>• स्थानीय वातावरणप्रति रुची देखाउन सक्ने । | • आफ्नो नगरपालिकामा रहेका भाषा, धर्म तथा सांस्कृतिक स्थलहरूको पहिचान र परिचय दिन सक्ने । <br>• आफ्नो टोल/बस्तीमा बसोबास गर्ने विभिन्न जातजातिको परिचय दिन सक्ने । <br>• जातीय तथा सांस्कृतिक विविधताको सम्मान गर्ने व्यवहार विकास गर्न सक्ने । <br>• समुदायमा रहेका विभिन्न पेशातथा व्यवसायको पहिचान गर्न सक्ने । <br>• समुदायमा आपसी सहयोग, सहिष्णुता र सद्भाव कायम गर्ने व्यवहार विकास गर्न सक्ने । | • नागार्जुन नगरपालिकाको भौगोलिक, सामाजिक तथा सांस्कृतिक पक्षको परिचय प्रस्तुत गर्न सक्ने । <br>• वडा नं. १ र २ को भौगोलिक अवस्थिति तथा सिमाना पहिचान गर्न सक्ने । <br>• वडा नं. १ र २ को प्राकृतिक तथा भौगोलिक विशेषताबारे वर्णन गर्न सक्ने । <br>• सम्बन्धित वडामा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरूको परिचय दिन सक्ने । <br>• धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणको आवश्यकता व्याख्या गर्न सक्ने । <br>• स्थानीय भूगोल, संस्कृति र परम्पराको महत्त्व बुझ्न सक्ने । <br>• स्थानीय समुदायप्रति अपनत्व, सम्मान र जिम्मेवारीबोध विकास गर्न सक्ने । <br>• वडा स्तरका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधताको सम्मान गर्ने व्यवहार विकास गर्न सक्ने । |
| २ | जैविक विविधता | स्थानीय बोटबिरुवा र जीवनजन्तु | • बोटबिरुवा चिन्ने, नाम भन्ने र संरक्षणप्रति रुचि राख्ने । <br>• बोटबिरुवाको सामान्य उपयोग बताउन सक्ने । <br>• घरपालुवा र जंगली जनावर छुट्याउने, नाम भन्ने । | • बोटबिरुवाको प्रकार वर्गिकरण गर्ने, रोप्ने र हेरचाह गर्ने । <br>• बोटबिरुवाको उपयोग र महत्त्वबारे सामान्य जानकारी दिन सक्ने । <br>• घरपालुवा जनावरको बासस्थान र उपयोग बताउने । | • वनस्पतिको महत्त्व, उपयोगिता र संरक्षणका उपाय बताउने । <br>• स्थानीय बोटबिरुवाको परिचय र विशेषता वर्णन गर्न सक्ने । <br>• जंगली जनावर र घरपालुवा जनावरको महत्त्व र संरक्षणको आवश्यकता बताउने । |
| ३ | वातावरण संरक्षण | जलस्रोत र फोहोरमैला व्यवस्थापन | • पानीको प्रयोग, सफा र फोहोर पानी छुट्याउने । | • पानीको स्रोत चिन्ने, फोहोर छुट्याउने, सरसफाइ-स्वास्थ्य सम्बन्ध बुझ्ने । | • आफ्नो वरपरका पानीका स्रोतको अवस्था पहिचान गरी त्यसको संरक्षण र फोहोर व्यवस्थापन अभ्यास गर्ने । |
| ४ | प्रकोप र विपद् | प्राकृतिक र मानव निर्मित प्रकोप | • स्थानीय क्षेत्रमा हुन सक्ने विभिन्न प्राकृतिक प्रकोपहरूको पहिचान गर्न सक्ने । | • स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोपहरूको पहिचान गर्न सक्ने । <br>• हावा हुरी, चट्याङ, आगलागी तथा ग्यास | • स्थानीय क्षेत्रमा हुने सडक दुर्घटनाका मुख्य कारणहरूको पहिचान गर्न सक्ने । <br>• सडक दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सुरक्षा |

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|---|
| | | | ● भूकम्प, बाढी, पहिरो, डुबान तथा ज्वालामुखी बिस्फोटनका बारेमा जानकारी दिन सक्ने ।<br>● प्रकोपको समयमा अपनाउनुपर्ने सुरक्षा उपायहरू बताउन सक्ने । | सिलिन्डर बिस्फोटबाट बच्न अपनाउनु पर्ने सुरक्षा उपायहरू बताउन सक्ने ।<br>● आगलागी तथा ग्यास सिलिन्डर सम्बन्धी दुर्घटनामा अपनाउनुपर्ने सावधानीहरू प्रयोग गर्न सक्ने ।<br>● आपत्कालीन अवस्थामा प्रयोग हुने महत्त्वपूर्ण फोन नम्बरहरूको जानकारी दिन सक्ने । | उपायहरू बताउन सक्ने ।<br>● ट्राफिक नियम तथा सडक सुरक्षासम्बन्धी व्यवहार प्रयोग गर्न सक्ने ।<br>● विभिन्न ट्राफिक चिह्नहरूको पहिचान गरी तिनको अर्थ बुझाउन सक्ने ।<br>● पैदल यात्री तथा सवारी चालकले पालन गर्नुपर्ने नियमहरूको पहिचान गर्न सक्ने । |
| ५ | धार्मिक ऐतिहासिक पर्यटकीय स्थल | स्थानीय धार्मिक ऐतिहासिक र पर्यटकीय स्थलको परिचय | ● आफ्नो ठाउँका धार्मिक स्थलको नाम भन्न ।<br>● सबै धर्मका मानिसहरु मिलेर बस्ने भावनाको विकास गर्ने ।<br>● रमाइला पार्कहरुको परिचय दिन सक्ने ।<br>● वरपरको पार्कको नाम भन्ने र आफ्नो स्थान चिन्न सक्ने । | ● मठ, मन्दिर, गुम्बा आदि चिन्न सक्ने ।<br>● आफ्नो वरिपरिको धार्मिक सम्पदाको परिचय दिन सक्ने ।<br>● धार्मिक स्थलका महत्त्व बताउन सक्ने ।<br>● मेलापर्व र जात्राबारे सामान्य जानकारी दिन सक्ने ।<br>● धार्मिक सम्पदाको संरक्षण गर्नुपर्ने कुरा बुझ्ने ।<br>● आफ्नो वरपरका पर्यटकीय ठाउँको नाम भन्न सक्ने ।<br>● सार्वजनिक स्थल सफा राख्ने बानीको विकास गर्ने । | ● स्थानीय धार्मिक तथा सांस्कृतिक सम्पदाको परिचय दिन सक्ने ।<br>● इचङ्गुनारायण, हलचोक आकाश भैरव र जामाचोको महत्त्व बताउन सक्ने ।<br>● धिमे नेवारी बाजाको पहिचान गर्न सक्ने ।<br>● धार्मिक तथा सांस्कृतिक सम्पदा प्रति सम्मान गर्ने बानीको विकास गर्ने ।<br>● स्युचाटारका प्रमुख पर्यटकीय स्थलहरुको परिचय दिन सक्ने ।<br>● सहिद स्मृति पार्क, कमल पोखरी र खेल मैदानको महत्त्व बताउन सक्ने ।<br>● पर्यटकीय स्थलको संरक्षण गर्नुका साथै यसको आवश्यकताको बोध गर्ने । |
| ६ | हाम्रो भाषा, भेषभूषा र संस्कृति | स्थानीय संस्कृति, जातजाति, भाषा, भेषभूषा र विभिन्न चाडपर्व | ● आफ्नो टोल/बस्तीमा बसोबास गर्ने विभिन्न जातजातिको नाम भन्न सक्ने ।<br>● विभिन्न जातजातिको पोशाक र भेषभूषा चिन्न सक्ने । | ● आफ्नो जातजातिको परम्परागत भेषभूषा र संस्कृतिको परिचय दिन सक्ने ।<br>● स्थानीय जातजाति र संस्कृतिको महत्त्व बुझ्न सक्ने ।<br>● विभिन्न जातजातिको भाषा र संस्कृतिप्रति सम्मान गर्ने बानी विकास गर्न सक्ने । | ● स्थानीय जातजातिको भेषभूषा र संस्कृतिको परिचय दिन सक्ने ।<br>● जातजाति र भेषभूषाप्रति सम्मान र सहिष्णुताको भावना विकास गर्न सक्ने । |
| | | | ● स्थानीय तहमा मनाइने प्रमुख चाडपर्वहरुको नाम भन्न सक्ने । | ● विभिन्न जातजातिको चाडपर्व मनाउने तरिका भन्न । | ● चाडपर्वको सामाजिक र सांस्कृतिक महत्त्व बुझ्न सक्ने । |
| ७ | हाम्रा आनीबानी तथा शिष्टाचार | हाम्रा असल तथा खराब आनीबानी र शिष्टाचार | ● असल र खराब आनीबानी छुट्याउन सक्ने ।<br>● आफ्ना सबै कामहरु समय मै गर्ने र कर्तव्य पालना गर्ने बानी विकास | ● सामाजिक आनीबानी र शिष्टाचारको महत्त्व बुझ्न सक्ने ।<br>● सार्वजनिक स्थानमा सुरक्षित र सकारात्मक व्यवहार देखाउन सक्ने । | ● असल जीवनशैली अपनाउनु पर्ने कारण र उपायहरू व्याख्या गर्न सक्ने ।<br>● समाज र परिवारमा प्रचलित असल आनीबानी र शिष्टाचारको अभ्यास गर्न सक्ने । |

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|---|
| | | | गर्न सक्ने । | ● समाजमा भेदभाव नगरि सहयोगी व्यवहार देखाउन सक्ने । | ● सभ्य, अनुशासित र नैतिक मूल्य आत्मसाथ गर्ने बानी विकास गर्न सक्ने । |
| ८ | हाम्रो पेशा तथा व्यवसाय | परिवारको पेशा | ● आफ्नो परिवारका सदस्यहरुको पेशा बताउन सक्ने ।<br>● डाक्टर, शिक्षक, वकिल, पुलिस र सैनिकको पहिचान गर्न ।<br>● प्रत्येक पेशासँग सम्बन्धित वस्तु तथा सामग्रीहरूको नाम बताउन ।<br>● विभिन्न पेशाको काम, जिम्मेवारी र समाजमा तिनको महत्त्व भन्न ।<br>● चित्र, वस्तु वा अभिनयको माध्यमबाट पेशाको चिनारी गर्न । | ● स्थानीय समुदायमा प्रचलित विभिन्न पेशा तथा कामहरूको पहिचान गर्न सक्ने ।<br>● बिरामी जाँच्ने (डाक्टर/स्वास्थ्यकर्मी), पढाउने (शिक्षक), पसलमा सामान बेच्ने (व्यापारी), खेतमा काम गर्ने (किसान) र पशुपालन गर्ने व्यक्तिको काम वर्णन गर्न ।<br>● प्रत्येक कामसँग सम्बन्धित उपकरण तथा सामग्रीहरूको नाम बताउन ।<br>● श्रमप्रति सम्मान गर्ने सकारात्मक व्यवहार विकास गर्न ।<br>● दैनिक जीवनमा विभिन्न पेशाका व्यक्तिहरूबाट प्राप्त सेवाको महत्त्व बुझ्न । | ● विभिन्न पेशाको परिचय र महत्त्व व्याख्या गर्न सक्ने ।<br>● स्थानीय स्तरमा गरिने कृषि पेसाहरू (कुखुरा पालन, कौसी खेती, गड्यौला पालन) को पहिचान गर्न ।<br>● कौसी खेतीको महत्त्व र घरको छत वा सानो ठाउँमा तरकारी उत्पादन गर्ने तरिका वर्णन गर्न ।<br>● गड्यौला पालनको उपयुक्त प्रक्रिया र जैविक मल उत्पादनमा यसको उपयोगिता बोध गर्न ।<br>● कृषि पेशाबाट स्वरोजगार तथा आयआर्जनका अवसरहरू पहिचान गर्न ।<br>● स्थानीय स्रोतसाधनको उपयोग गरी उत्पादनमूलक कार्य गर्ने सीप विकास गर्न । |
| | | पेशा व्यवसायको पहिचान | ● कृषि, पशुपालन, नोकरी तथा पसल सम्बन्धी कामहरूको पहिचान गर्न ।<br>● प्रत्येक काममा प्रयोग हुने वस्तु तथा सामग्रीहरूको नाम बताउन ।<br>● वस्तु तथा सामग्रीहरूको प्रयोग र उपयोगिता वर्णन गर्न ।<br>● कामअनुसार आवश्यक साधनको सही प्रयोग गर्न ।<br>● विभिन्न पेशा तथा कामहरूको सामाजिक महत्त्व व्याख्या गर्न ।<br>● श्रम, उत्पादनमूलक कार्य र पेशाप्रति सकारात्मक व्यवहार विकास गर्न । | ● समाजमा गरिने पेशा तथा कामहरूको पहिचान गर्न ।<br>● बिरामी जाँच्ने, पढाउने, सामान बेच्ने, खेती गर्ने र देशको सुरक्षा दिने कामको महत्त्व बताउन ।<br>● कामअनुसार आवश्यक सीप, सामग्री र जिम्मेवारीहरूको छनौट गर्न ।<br>● आफ्नो रुचि र क्षमता अनुसार उपयुक्त पेशा छनौट गर्ने सोच विकास गर्न ।<br>● समाजमा विभिन्न पेशाको योगदान भन्न ।<br>● श्रम र सेवामूलक कार्यप्रति सकारात्मक धारणा विकास गर्न । | ● परम्परागत र आधुनिक सीपमा आधारित कामहरूको पहिचान गर्न ।<br>● डोका-डाला बुन्ने, आरनमा फलाम पिट्ने, खुकुरी, खुर्पा, हँसिया बनाउने जस्ता परम्परागत सीपहरूको महत्त्व बताउन ।<br>● छालाको जुत्ता बनाउने, रेडियो-टिभी मर्मत गर्ने र कपाल काट्ने जस्ता आधुनिक तथा सेवामूलक सीपहरूको परिचय दिन ।<br>● सीपमा आधारित व्यवसायबाट रोजगारी र आयआर्जनका अवसरहरू पहिचान गर्न ।<br>● स्थानीय सीप, कला र परम्पराको संरक्षण गर्ने बानी विकास गर्न ।<br>● श्रम, सीप र उद्यमशीलताको महत्त्व बुझि आत्मनिर्भर बन्ने व्यवहार विकास गर्न । |
| ९ | स्थानीय खेल, योग र सन्तुलित भोजन | स्थानीय खेलहरु, योग व्यायाम र सन्तुलित भोजन | ● स्थानीय स्तरमा खेलिने विभिन्न खेलहरूको नाम पहिचान गर्न सक्ने ।<br>● स्थानीय खेलहरूको नियम तथा अभ्यास प्रदर्शन गर्न सक्ने ।<br>● स्थानीय स्तरमा प्रयोग गरिने | ● स्थानीय स्तरमा खेलिने विभिन्न खेलहरूको परिचय दिन सक्ने ।<br>● स्थानीय खेलहरूको आधारभूत नियम तथा अभ्यास प्रदर्शन गर्न सक्ने ।<br>● खेलकुदको शारीरिक, मानसिक तथा | ● स्थानीय स्तरमा प्रयोग गरिने विभिन्न खानाका प्रकारहरूको परिचय दिन सक्ने ।<br>● स्थानीय खानाका स्रोत तथा पोषण सम्बन्धी महत्त्व बताउन सक्ने ।<br>● स्वस्थ तथा सन्तुलित खानाको आवश्यकता बुझ्न |

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|---|
| | | | परम्परागत खानाका प्रकारहरूको परिचय दिन सक्ने । <br>● स्थानीय खानाको पोषण तथा सांस्कृतिक महत्त्व बताउन सक्ने । | सामाजिक महत्त्व बताउन सक्ने । <br>● योग व्यायामका प्रारम्भिक अभ्यासहरू सही तरिकाले गर्न सक्ने । <br>● स्थानीय स्तरमा प्रयोग गरिने परम्परागत खानाका प्रकारहरूको परिचय दिन सक्ने । <br>● स्थानीय खानाको पोषण तथा सांस्कृतिक महत्त्व बुझ्न सक्ने । | सक्ने । <br>● योग ध्यान अन्तर्गत श्वासप्रश्वासका आधारभूत अभ्यासहरू सही तरिकाले गर्न सक्ने । <br>● श्वासप्रश्वास अभ्यासको शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्ने प्रभाव बताउन सक्ने । <br>● स्थानीय स्तरमा खेलिने भाले जुधाइ तथा अन्य स्थानीय खेलहरूको परिचय दिन सक्ने । |
| १० | स्थानीय सघं संस्था तथा समाज सेवा | स्थानीय सघं संस्था तथा समाज सेवा | ● स्थानीय क्षेत्रमा रहेका विभिन्न संघसंस्थाहरूको परिचय दिन सक्ने । <br>● संघसंस्थाहरूले गर्ने सामाजिक सेवाका कार्यहरूको बताउन सक्ने । <br>● समाज सेवाको महत्त्व तथा आवश्यकता बुझ्न सक्ने । <br>● समुदाय विकासमा संघसंस्थाहरूको भूमिका पहिचान गर्न सक्ने । <br>● सहयोग, सहकार्य र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न सक्ने । <br>● समाजप्रति सकारात्मक, जिम्मेवार र सेवामुखी व्यवहार प्रदर्शन गर्न सक्ने । | ● स्थानीय क्षेत्रमा रहेका विभिन्न संघसंस्थाहरूको परिचय दिन सक्ने । <br>● विभिन्न संघसंस्थाहरूले गर्ने सामाजिक सेवाका कार्यहरू बताउन सक्ने । <br>● समाज सेवाको महत्त्व तथा आवश्यकता बुझ्न सक्ने । <br>● समुदाय विकासमा संघसंस्थाहरूको भूमिका पहिचान गर्न सक्ने । <br>● सहयोग, सहकार्य र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न सक्ने । | ● स्थानीय क्षेत्रमा रहेका विभिन्न संघसंस्थाहरूको परिचय दिन सक्ने । <br>● स्थानीय संघसंस्थाहरूले गर्ने सामाजिक सेवाका कार्यहरू बताउन सक्ने । <br>● समाज सेवाको महत्त्व तथा आवश्यकता बुझ्न सक्ने। <br>● समुदाय विकासमा संघसंस्थाहरूको भूमिका पहिचान गर्न सक्ने । <br>● सामाजिक सेवामूलक कार्यहरूमा सहभागी हुने रुचि विकास गर्न सक्ने । <br>● सहयोग, सहकार्य र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न सक्ने । <br>● समाजप्रति सकारात्मक, जिम्मेवार र सेवामुखी व्यवहार प्रदर्शन गर्न सक्ने । |
| ११ | स्थानीय भाषा | स्थानीय भाषा | ● स्थानीय क्षेत्रमा बोलिने विभिन्न भाषाहरूको परिचय दिन सक्ने। <br>● स्थानीय भाषाको महत्त्व तथा विशेषता बताउन सक्ने। <br>● स्थानीय भाषामा प्रयोग हुने सामान्य शब्दहरूको अर्थ बुझ्न र प्रयोग गर्न सक्ने । <br>● भाषिक विविधताको सम्मान गर्दै सकारात्मक सामाजिक व्यवहार प्रदर्शन गर्न सक्ने । | ● स्थानीय क्षेत्रमा बोलिने विभिन्न भाषाहरूको परिचय दिन सक्ने । <br>● स्थानीय भाषाको महत्त्व तथा विशेषता बताउन सक्ने । <br>● स्थानीय भाषामा प्रयोग हुने सामान्य शब्दहरूको अर्थ बुझ्न र प्रयोग गर्न सक्ने । <br>● भाषिक विविधताको सम्मान गर्दै सकारात्मक सामाजिक व्यवहार प्रदर्शन गर्न सक्ने । | ● आफ्नो समुदायमा बोलिने विभिन्न भाषाहरूको परिचय दिन सक्ने । <br>● स्थानीय भाषाको महत्त्व तथा विशेषता बताउन सक्ने । <br>● स्थानीय भाषामा प्रयोग हुने सामान्य शब्दहरूको अर्थ बुझ्न र प्रयोग गर्न सक्ने । <br>● स्थानीय भाषाका शब्दहरू सङ्कलन गर्न सक्ने । <br>● स्थानीय भाषिक विविधताको सम्मान गर्दै सकारात्मक सामाजिक व्यवहार प्रदर्शन गर्न सक्ने । |

**कक्षा ४–५**

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| १. | नागार्जुन नगरपालिकाको परिचय | नगरपालिकाको भूगोल, राजनैतिक विभाजन र धार्मिक,सांस्कृतिक परिचय | ● वडा नं. ३ र ४ को भौगोलिक तथा सामाजिक परिचय दिन सक्ने ।<br>● वडा नं. ३ र ४ मा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरूको पहिचान गर्न सक्ने ।<br>● वडा नं. ३ र ४ मा बसोबास गर्ने मानिसहरूको विभिन्न पेशातथा व्यवसायको परिचय दिन सक्ने ।<br>● समुदायमा सहकार्य, सद्भाव र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न सक्ने । | ● वडा नं. ५ र ६ को भू-बनोट तथा भौगोलिक विशेषताहरूको परिचय दिन सक्ने ।<br>● वडा नं. ५ र ६ को चार सिमाना पहिचान गरी वर्णन गर्न सक्ने ।<br>● सम्बन्धित वडामा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको परिचय दिन सक्ने ।<br>● वडा नं. ५ र ६ मा बसोबास गर्ने विभिन्न जातजातिको पहिचान गर्न सक्ने ।<br>● जातीय तथा सांस्कृतिक विविधताको महत्त्व व्याख्या गर्न सक्ने ।<br>● स्थानीय संस्कृति, परम्परा तथा धार्मिक सम्पदाप्रति सम्मान गर्ने व्यवहार विकास गर्न सक्ने ।<br>● समुदायमा सहअस्तित्व, सद्भाव र सामाजिक एकताको भावना विकास गर्न सक्ने । |
| २ | जैविक विविधता | स्थानीय बोटबिरुवा | ● जडिबुटी चिन्ने, औषधीय उपयोग व्याख्या गर्ने, संरक्षण गर्ने ।<br>● स्थानीय जडीबुटीको नाम भन्ने । | ● स्थानीय स्तरमा पाइने जडीबुटीको उपयोग, महत्त्व, संरक्षण गर्ने ।<br>● जडीबुटी संकलनबाट पुग्ने फाइदा र महत्व भन्ने । |
| | | स्थानीय जीवजन्तु | ● वन्यजन्तुको बासस्थान, महत्त्व र संरक्षण आवश्यकता बुझ्ने ।<br>● वन्यजन्तु लोप हुने कारण भन्ने । | ● जीवजन्तुको परिचय दिन, महत्त्व र संरक्षणका उपाय भन्न ।<br>● जीवजन्तुको वासस्थानमा पर्ने प्रभाव बताउन सक्ने । |
| ३ | वातावरण संरक्षण | जलस्रोत र फोहोरमैला व्यवस्थापन | ● पानीको महत्त्व, प्रदूषण र फोहोरमैलाबाट पर्ने असर र व्यवस्थापनको अभ्यास गर्ने ।<br>● पानीको स्रोत संरक्षण | ● प्रदूषणका कारण-असर बुझ्ने, समाधान र आफ्नो भूमिका देखाउने ।<br>● प्रदुषण रहित समाज निर्माणमा स्थानीय समुदाय र सरकारको भूमिका । |
| ४ | प्रकोप/विपद् व्यवस्थापन | प्रकोप/विपद्को पहिचान | ● स्थानीय क्षेत्रमा हुनसक्ने भूकम्प, आगलागी तथा हुरी बतास जस्ता प्रकोपहरूको पहिचान गर्न सक्ने ।<br>● भूकम्प, आगलागी तथा हुरी बतासका मुख्य कारणहरू व्याख्या गर्न सक्ने ।<br>● दिइएका प्रकोपबाट हुने मानविय, सामाजिक तथा वातावरणीय असरहरू बताउन सक्ने ।<br>● प्रकोपबाट बच्न अपनाउनुपर्ने सुरक्षा तथा रोकथामका उपायहरू प्रयोग गर्न सक्ने ।<br>● आपत्कालीन अवस्थामा अपनाउनु पर्ने सावधानी तथा सुरक्षित व्यवहार प्रदर्शन गर्न सक्ने । | ● स्थानीय क्षेत्रमा हुनसक्ने भूक्षय, बाढी तथा पहिरो जस्ता प्रकोपहरूको पहिचान गर्न सक्ने ।<br>● भूक्षय, बाढी तथा पहिरोका मुख्य कारणहरू व्याख्या गर्न सक्ने ।<br>● यस्ता प्रकोपबाट हुने मानविय, सामाजिक तथा वातावरणीय असरहरू बताउन सक्ने ।<br>● भूक्षय, बाढी तथा पहिरोबाट बच्न अपनाउनुपर्ने रोकथाम तथा सुरक्षा उपायहरू प्रयोग गर्न सक्ने ।<br>● विपद् जोखिम न्यूनीकरण तथा समुदाय सुरक्षामा सहयोगी भूमिका निर्वाह गर्न सक्ने ।<br>● प्राकृतिक प्रकोपप्रति सचेत, जिम्मेवार र सुरक्षित व्यवहार विकास |

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| | | | ● विपद् जोखिम न्यूनीकरण तथा समुदाय सुरक्षामा सहयोगी भूमिका निर्वाह गर्न सक्ने ।<br>● प्राकृतिक तथा मानवीय प्रकोपप्रति सचेत, जिम्मेवार र सुरक्षित व्यवहार विकास गर्न सक्ने । | गर्न सक्ने । |
| ५ | धार्मिक ऐतिहासिक पर्यटकीय स्थल | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● हाम्रा धार्मिक स्थलहरूको पहिचान, चिनारी, सम्मान र सहभागिता ।<br>● पर्यटकीय स्थलको जानकारी र महत्त्वको बोध ।<br>● स्थानीय सम्पदाको संरक्षण र प्रयोगको बोध । | ● ह्वाइट गुम्बा (सेतो गुम्बा) र पचली भैरवको साथै आफ्नो वरपरको मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिदको जानकारी र परिचय ।<br>● स्थानीय स्तरमा रहेको ऐतिहासिक, धार्मिक स्थलको स्थापना मिति र महत्त्वको जानकारी ।<br>● राष्ट्रिय निकुन्ज भित्र रहेका धार्मिक स्थलको चिनारी र महत्त्व बोध ।<br>● स्थानीय पर्यटकीय क्षेत्रको संरक्षण र सम्बर्द्धन । |
| | | स्थानीय पर्यटकीय स्थल र क्रियाकलाप | ● आफ्नो वरपर भएका पर्यटकीय स्थानको जानकारी र पर्यटकलाई आदार र सम्मान भावको बोध ।<br>● धार्मिक तथा पर्यटकीय स्थलहरूको चिनारी र उपयोग ।<br>● पदयात्रा र साहसिक यात्राको महत्त्व प्रबर्द्धन र संरक्षण तथा उपयोग ।<br>● होमस्टे, स्थानीय पर्यटन प्रति रुचि राख्ने र संरक्षण प्रचारमा सहभागि हुने बानी विकास । | ● रानीवन क्षेत्रको परिचय ।<br>● रानीवनको प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षणको आवश्यकताको बोध ।<br>● पदयात्रा र होम स्टेको महत्त्व तथा आय आर्जनको स्रोत ।<br>● स्थानीय स्तरमा रहेका अन्य पर्यटकीय क्षेत्रको जानकारी, जिज्ञासा र उपयोग । |
| ६ | हाम्रो भाषा, भेषभूषा र संस्कृति | विभिन्न जातजातिका विशेषता र भेषभूषा | ● स्थानीय जातजातिको भेषभूषा, भाषा र संस्कृतिको पहिचान गर्न सक्ने ।<br>● स्थानीय विभिन्न जातजातिको परम्परागत भेषभूषा चिन्ने र वर्णन गर्न सक्ने ।<br>● भेषभूषा, भाषा,संस्कृति र रहनसहन बीचकोसम्बन्ध बुझ्न सक्ने ।<br>● सांस्कृतिक विविधताको महत्त्व बुझ्न र सद्भाव तथा सम्मान गर्ने व्यवहार विकास गर्न सक्ने । | ● विभिन्न भाषा, भेषभूषा र सांस्कृतिक विविधताको परिचय दिन सक्ने ।<br>● आफ्नो समुदायको भाषा, भेषभूषा र संस्कृतिका विशेषताहरू भन्न र भिन्नताहरु छुट्याउन सक्ने ।<br>● विभिन्न भाषा र संस्कृतिप्रति सम्मान र सहिष्णुता देखाउन सक्ने ।<br>● सांस्कृतिक सम्पदा संरक्षणको आवश्यकता व्याख्या गर्न सक्ने ।<br>● विविधतामा एकता र सामाजिक सद्भावको महत्त्व बुझ्न सक्ने ।<br>● आफ्नो भाषा, भेषभूषा र संस्कृतिको संरक्षण गर्न सकारात्मक भूमिका खेल्न सक्ने । |
| | | स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार | ● स्थानीय विभिन्न जातजातिको परम्परागत भेषभूषा, खानापान र चाडपर्वको परिचय दिन सक्ने ।<br>● आफ्नो समुदायमा मनाइने स्थानीय चाडपर्वहरुको नाम, समय र महत्त्व बताउन सक्ने ।<br>● चाडपर्व, रीतिरिवाज र संस्कारसँग सम्बन्धीत परम्परा र अभ्यासहरु वर्णन गर्न सक्ने ।<br>● स्थानीय संस्कृति संरक्षणको महत्त्व बुझ्न सक्ने । | ● स्थानीय चाडपर्व, रीतिरिवाज र संस्कारको परिचय र महत्त्व स्पष्ट गर्न सक्ने ।<br>● आफ्नो समुदायमा प्रचलित प्रमुख चाडपर्वहरूको नाम, समय र विशेषता बताउन सक्ने ।<br>● जन्म, विवाह, मृत्यु आदि सम्बन्धी संस्कारहरू पहिचान र वर्णन गर्न सक्ने ।<br>● स्थानीय रीतिरिवाज र संस्कारले समाजमा पार्ने प्रभाव बुझ्न सक्ने । |

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- | --- | --- |
| | | | ● राम्रो परम्परा र कुरीतिबीच फरक छुट्ट्याउन सक्ने ।<br>● सामाजिक सद्भाव, सहिष्णुता र एकताको महत्त्व बुझ्न सक्ने । | ● विभिन्न समुदायका चाडपर्व, रीतिरिवाज र संस्कारबीच समानता र भिन्नता छुट्याउन सक्ने ।<br>● राम्रो परम्परा र कुरीतिबीच फरक छुट्याउन सक्ने ।<br>● स्थानीय समुदायका परम्पराप्रति सम्मान र सहिष्णुता देखाउन सक्ने । |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सतर्कता अपनाउन<br>● समाजमा सुसूचित गर्न र वन्यजन्तु अपराध नियन्त्रण गर्न अपनाउनुपर्ने उपायहरुको खोजी र पहिचान गरी संरक्षणमा सहभागी हुन<br>● वन्यजन्तु अपराध (शिकार, तस्कर, व्यापार) व्याख्या गर्न<br>● अपराध नियन्त्रणमा समुदाय र सरकारको भूमिका विश्लेषण गर्न<br>● वन्यजन्तु संरक्षण योजना बनाउन | वन्यजन्तु अपराध नियन्त्रण गर्न अपनाउनुपर्ने उपायहरु | स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।<br>● वन्यजन्तुहरुको शिकार गरेमा, मारेमा वा त्यसलाई असर गरेमा, बेचविखन गरेमा हुने कानुनी कारबाहीहरुबारे बताइदिने र स्थानीय विज्ञसँग छलफल गराउने ।<br>● वन संरक्षणका योजना बारे सहजीकरण गर्ने<br>● मानव र वन्यजन्तु बिच हुने द्वन्दहरुका बारेमा छलफल गरी त्यसलाई न्यूनीकरण गर्नका लागि स्थानीय क्षेत्रमा अपनाउन सकिने कार्यहरुको सूची प्रस्तुत गर्ने ।<br>● वन्यजन्तुको अपराध सम्बन्धी कानुनी प्रावधानहरुबारे बृत्तचित्र प्रस्तुत गरी छलफल गर्ने । | ● लेख, रचना, ब्रोसर, भिडियो आदि<br>● वन्यजन्तुको संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची, चार्ट<br>● वन्यजन्तु अपराधसम्बन्धी तथ्याङ्क | प्रस्तुत गर्न लगाउने ।<br>● मानव र वन्यजन्तुको द्वन्द किन हुन्छ र यसलाई कम गर्न हामीले स्थानीय स्तरमा अपनाउनुपर्ने कार्यहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>● वन्यजन्तु मार्नु वा तिनीहरुलाई असर पार्नु कानुनी अपराध हो भन्ने कुरा बुझाउन एउटा सामुहिक नाटक तयार पारी समुदायमा प्रस्तुत गर्ने लगाउने । | |
| ३ | वातावरण संरक्षण | ● जलस्रोत | ● स्थानीय क्षेत्रका खानेपानीको | ● नगरपालिका क्षेत्रका खानेपानीका | ● नगरपालिका क्षेत्रका खानेपानीका स्रोतहरुको | ● खानेपानीका लागि उपयोग भएका | ● पानी वितरण र व्यवस्थापन | ● जलस्रोत तथा स्थानीय | ७ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्रोतहरुको वितरण | स्रोतहरुको पहिचान र अवस्थाको वर्णन गर्न<br>● जलस्रोत संरक्षणको योजना बनाउन | सूची,<br>● स्थानीय समुदायमा खानेपानी वितरणको अवस्था र प्रक्रियाबारे जानकारी | स्रोतहरुको सूची बनाइ प्रस्तुत गर्ने<br>● नजिकको खानेपानी कार्यालयमा गई वा उपभोक्ता समितिको व्यक्तिसँग भेटेर पानीको वितरण र व्यवस्थापन बारे छलफल गर्ने<br>● स्थानीय स्तरमा पानीको वचत गर्ने तरिका पहिचान गरी विद्यालय वा घरमा पानी वचत गर्ने गरेका अभ्यासको अनुभव आदान प्रदान गर्ने । | सम्बन्धी फोटो, लेख, भिडियो,<br>● पानी वचत गर्ने तरिका लेखेको मेटाकार्ड ,श्रव्यदृश्य सामाग्रीहरु | खानेपानीको स्रोतबारे छलफल र प्रश्नोत्तर गर्ने<br>● पानीको महत्त्व, वितरण,समस्या, पानी वचत गर्ने तरिकाबारे वर्णन गर्न लगाउने<br>● आफ्नो घर वा छिमेकमा पानीको व्यवस्थापन कसरी गरिएको छ प्रस्तुत गर्न लगाउने ।<br>● परियोजना कार्य गराई प्रतिवेदन लेख्न लगाउने | |
| | | ● फोहोरमैला व्यवस्थापन | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा नगरपालिकाको भूमिका<br>● स्थानीय क्षेत्रमा जलवायु परिवर्तन | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा नगरपालिकाको भूमिका पहिचान गरी प्रदुषण र फोहोर व्यवस्थापनमा सहयोग गर्न<br>● स्थानीय क्षेत्रमा जलवायु परिवर्तनको असर पहिचान तथा विश्लेषण गरी न्यूनीकरणका उपायहरु अवलम्बन गर्न तथा | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा नगरपालिकाले संचालन गर्दै आएका कार्यहरु<br>● स्थानीय क्षेत्रमा जलवायु परिवर्तनको परिचय, असर पहिचान र न्यूनीकरणका उपायहरु | ● स्थानीय क्षेत्रमा फोहोर व्यस्थापन र प्रदुषण नियन्त्रणमा नगरपालिकाले गरिहेका कार्यहरुको खोजी गरी सूची बनाइ प्रस्तुत गर्ने ।<br>● फोहोर व्यस्थापन र प्रदुषण नियन्त्रणमा स्थानीय समुदाय तथा विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची सहित छलफल गर्ने ।<br>● प्रदुषण नियन्त्रण र फोहोर व्यस्थापन | ● प्रदुषण र फोहोर व्यवस्थापन सम्बन्धी भिडियो वा स्थानीय फोहोर व्यवस्थापन केन्द्रको ब्रोसर<br>● फोहोर व्यवस्थापनका लागि गरिने कार्यहरुको सूची तालिका<br>● गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने तरिकाहरु सम्बन्धी श्रव्य दृष्य | ● आफ्नो टोलमा प्रदुषण तथा फोहोर व्यवस्थापनका लागि के कस्ता कार्यहरु गर्ने गरिएको छ, स्थानीय टोल विकास संस्थाका प्रतिनिधि वा वडाका जनप्रतिनिधिसँग सोधर लेखी प्रस्तुत गर्न लगाउने ।<br>● पुन : प्रयोग गरेर | |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आलोचनात्मक मूल्याङ्कन गर्न | | सम्बन्धी बृत्तचित्र वा भिडियो प्रस्तुत गर्ने ।<br>● मौसम र जलवायुको परिचय दिइ जलवायु परिवर्तन बारे बताइ दिने ।<br>● स्थानीय वातावरण प्रदुषण र जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरूको बारे स्थानीय विज्ञहरुसँग छलफल गर्ने ।<br>● विभिन्न व्यक्तिका विचारको अध्ययन गराउने<br>● पहिले र अहिलेको मौसममा भएको भिन्नताको बारेमा स्थानीय अग्रजहरूसँग सोधखोज गर्ने/गराउने ।<br>● विद्यार्थीहरूलाई चित्र प्रदर्शन छलफल र श्रव्यदृश्यबाट हरित गृह ग्याँस र विश्वव्यापी तापक्रमका बारेमा जानकारी दिने ।<br>● वैकल्पिक ऊर्जा, वृक्षरोपण, | सामग्रीहरु<br>● जलवायु परिवर्तन सम्बन्धी श्रव्य दृष्य सामग्रीहरु | कागज वा प्लाष्टिकको कुनै एक सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने ।<br>● फोहोर व्यवस्थापनका उपायहरूको सूची बनाउन लगाउने ।<br>● मौसम, जलवायु र जलवायु परिवर्तन सम्बन्धी परिचय दिन लगाउने ।<br>● जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेका असरहरू खोजी गरी त्यसको न्यूनीकरण र अनुकुलनका लागि स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरू समेटेर परियोजना प्रतिवेदन तयार पार्न लगाइ प्रस्तुत गर्न लगाउने । | |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | औद्योगिक ठोस फोहोरमैला व्यवस्थापन, आगलागी आदि न्यूनीकरणसँग सम्बन्धित कुराहरूबारे छलफल गर्ने र परियोजना बनाउने । | | | |
| ४ | प्रकोप र विपद् | विपद् व्यवस्थापन | ● विपद् व्यवस्थापन, विपद् व्यवस्थापन चक्र,स्थानीय क्षेत्रमा प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण र कार्यान्वयनमा नगरपालिकाको भूमिका वा स्थानीय तहमा विपद् व्यवस्थापन, यसका समस्याहरु, नीति तथा कार्यक्रमहरु र सहयोगहरु | ● विपद् व्यवस्थापन, विपद् व्यवस्थापन चक्र, स्थानीय क्षेत्रमा प्रकोप तथा विपद् व्यवस्थापनको योजनाका सीपहरु पहिचान गरी विद्यालय तथा समुदायमा प्रकोप, विपद योजना निर्माण गर्न र कार्यान्वयनमा सहयोग गर्न | ● विपद् व्यवस्थापन, विपद् व्यवस्थापन चक्र, नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न प्रकोप विपद्हरूको असर पहिचान, असर न्यूनीकरण र सावधानीका लागि समुदायमा प्रकोप, विपद योजना निर्माण र कार्यान्वयनमा नगरपालिकाको भूमिका वा स्थानीय तहमा विपद् व्यवस्थापन, यसका समस्याहरु, नीति तथा कार्यकमहरु र सहयोगहरु | ● विपद् व्यवस्थापन र विपद् व्यवस्थापन चक्रबारे छलफल गर्ने<br>● प्राकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरूको बारेमा छलफल गरी त्यसबाट सुरक्षित रहन हामीले अपनाउनु पर्ने उपायहरूका बारेमा भिडियो वा पोष्टरहरू प्रदर्शन गर्ने, विज्ञसँग छलफल गर्ने, परामर्श लिने ।<br>● विज्ञको सुझावका आधारमा क्षति न्यूनीकरणका लागि तत्काल गनुपर्ने कार्यहरूको सूची तयार पारी सबैले देख्ने ठाउँमा टाँस्ने । जस्तैः विद्यालयमा हुँदा भूकम्प आएमा | ● प्रकोपबाट हुन सक्ने क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री<br>● विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी लेख, किताव, बृत्तचित्र र नगरपालिकाको विपद् व्यवस्थापन योजना पुस्तिका | ● स्थानीय क्षेत्रमा विपद व्यवस्थापन र शहरी सुरक्षा सम्बन्धी नगरपालिकाले के गरिरहेको छ वा योजना के छ भन्ने बारेमा आफ्नो बस्ती भएका वडाका प्रतिनिधि वा नगरपालिकाका प्रतिनिधिसँग छलफल गरी बुँदागत रुपमा लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● समुहगत रुपमा विद्यालयको विपद् योजना सामग्री बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरूको बारेमा | १२ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | के गर्ने, हावाहुरी आउमा के गर्ने आदि ।<br>● प्रकोपको पूर्व तयारीका लागि नगरपालिकाले के गरिरहेको छ र त्यस कार्यमा हामीले कसरी सहयोग गर्न सक्छौं भन्नेबारेमा नगरपालिकाका प्रतिनिधीसँग अन्तरक्रिया गराउने ।<br>● प्रकोप व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन योजनाबारे छलफल गरी योजना निर्माण र त्यसको अभ्यास र प्रचारप्रसार गर्ने ।<br>● शहरी सुरक्षा सम्बन्धी विज्ञसँग छलफल गर्ने । | | प्रस्तुती दिन लगाउने ।<br>● स्थानीय सडक र शहरी सुरक्षा सम्बन्धी योजना बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● समुहगत रुपमा जनचेतनामुलक सामग्रीहरू समुदायमा प्रस्तुत र अभिनय गर्न लगाउने ।<br>● क्रियाकलाप गर्दा कुन विद्यार्थी कति सक्रिय हुन्छ, नयाँ कुरा सिक्न कति उत्साहित हुन्छ, प्रश्नोत्तर कति गर्छन् ख्याल गर्ने । | |
| ५ | धार्मिक ऐतिहासिक पर्यटकीय स्थल | ● स्थानीय पर्यटकीय स्थलको परिचय | ● भीमढुङ्गा , रानीवन, जामाचो थाप्लेलगायतका पर्यटकीय क्षेत्रहरूको परिचय र व्यवस्थापन<br>● पदयात्राको अनुभव ज्ञान र संदेश जङ्गल, प्रकृति र जैविक विविधताको अवलोकन | ● भीमढुङ्गा रानीवन, थाप्ले, जामाचोलगायका पर्यटकीय क्षेत्रहरूको परिचय दिइ व्यवस्थापनमा स्थानीय समुदाय सरकार र आफ्नो भूमिकाको पहिचान गरी संरक्षण र प्रवर्धनका कार्यहरूमा सहभागी पदयात्राको | ● भीमढुङ्गा रानीवन, थाप्ले, जामाचोलगायतका पर्यटकीय क्षेत्रहरूको परिचय र व्यवस्थापनमा स्थानीय समुदाय, स्थानीय सरोकारवाला, स्थानीय सरकार र विद्यार्थीको भूमिका हुन । | ● भीमढुङ्गा रानीवन, थाप्ले, जामाचोलगायतका क्षेत्रहरूको अवलोकन भ्रमण गराइ त्यहाँ भइरहेका पर्यटकीय गतिविधिहरू सम्बन्धित स्थानीय सरोकारवाला व्यक्तिहरूसँग अन्तरक्रिया र छलफल गराउने । | ● भीमढुङ्गा रानीवन, थाप्ले, जामाचोलगायतका स्थानीय पर्यटकीय क्षेत्रको फोटो त्यस सम्बन्धी ब्रोसर, होमस्टे ।<br>● पर्यटकीय क्षेत्र व्यवस्थापन सम्बन्धी नगरपालिकाको योजना/भिडियो र वित्त चित्र | ● छोर्तेन गुम्बा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिरको प्रवर्धनका लागि स्थानीय समुदाय र विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत | १३ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | • धार्मिक तथा सांस्कृतिक महत्त्व | महत्त्व थाहा पाउन समूहमा अवलोकन तथा अनुभवबाट सिक्ने क्षमतामा वृद्धि | | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी अतिथि सत्कार अभ्यास सम्बन्धी भूमिकाविधि प्रयोग गर्ने गराउने ।<br>• विद्यार्थीहरूलाई समूहमा विभाजन गरी विद्यालय नजिकको कुनै एक पर्यटकीय क्षेत्रको नमुना व्यवस्थापन योजना समूहगत रूपमा बनाउन लगाइ प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>• स्थानीय स्तरमा रहेको होमस्टे एकदिने अवलोकन भ्रमण गराएर त्यसको अनुभव साटासाट गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>• पर्यटकीय स्थानहरूको प्रवर्धन र संरक्षणमा स्थानीय सरकारले चालेका कदमहरूका बारेमा नगरपालिकाका पदाधिकारी वा स्थानीय विज्ञसँग अन्तरक्रिया तथा छलफल गराउने ।<br>• पर्यटकीय स्थलहरूको प्रवर्धनसँग सम्बन्धित | | गर्न लगाउने ।<br>• आफ्नो बस्ती नजिक रहेको कुनै एक चर्च वा मस्जिद वा कुनै एक धार्मिक स्थानको परिचय सहित संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>• हामीले हाम्रा धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण किन गर्नुपर्छ सोध्ने ।<br>• आफ्नो घर वा बस्ती नजिकको चर्च वा मस्जिदमा गरिने क्रियाकलापहरु त्यहाँका जानकार व्यक्तिहरुसँग सोधेर लेखी प्रस्तुत गर्न लगाउने ।<br>• अवलोकन भ्रमणको परियोजना कार्य गराउने । | |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भिडियो वा वृत्तचित्र खोजी गरी देखाउने र स्थानीय क्षेत्रको प्रवर्धन गर्न अभिप्रेरित गर्ने । | | | |
| | | ● स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● इचङ्गुनारायणको ऐतिहासिक (उत्पत्ति) परिचय धार्मिक महत्त्व विशेषता इचङ्गुनारायण मन्दिरमा लाग्ने मेला र पर्व | ● इचङ्गुनारायणको ऐतिहासिक उत्पत्तिको बारे जानकारी हासिल गर्न<br>● इचङ्गुनारायणमा हुने मेला पर्व बताउन र त्यस वरपर रहेको धार्मिक स्थलहरू जानकारी लिन | ● इचङ्गुनारायण मन्दिरको स्थानीय धार्मिक ऐतिहासिक परिचय र महत्त्व त्यहाँ लाग्ने मेला पर्व र विभिन्न क्रियाकलापहरू तथा उक्त क्षेत्रको संरक्षण एवम् प्रवर्धनमा स्थानीय समुदाय, विद्यार्थीको भूमिका | ● इचङ्गुनारायण क्षेत्रको अवलोकन गराइ वा भिडियो,फोटो देखाइ त्यसको परिचय, महत्त्व हालको अवस्था संरक्षण र प्रवर्धनका लागि अपनाउनुपर्ने उपायहरू बारे समूहमा छलफल गर्ने ।<br>● विद्यालय नजिकको कुनै एकको मन्दिर मस्जिद, गुम्बा वा चर्चको अवलोकन भ्रमण गराइ त्यसको परिचय महत्त्व व्यवस्थापन र प्रवर्धनका उपायहरू बारे सम्बन्धित व्यक्तिसँग छलफल गराउने ।<br>● स्थानीय इतिहासविद्, संस्कतिविद्सँग इचङ्गुनारायण मन्दिरको स्थानीय धार्मिक, ऐतिहासिक | ● इचङ्गुनारायण मन्दिरलगायत आ–आफ्नो स्थानीय क्षेत्रमा पर्ने धार्मिक तथा ऐतिहासिक स्थलसँग सम्बन्धित लेख रचना फोटो ब्रोसर चार्टपेपर श्रव्यदृश्य सामग्रीहरू र डकुमेन्ट्री आदि ।<br>● स्थानीय संस्कृतविद् तथा इतिहासविद्, सरोकारवाला जानकार व्यक्तित्वहरू । | ● टोलमा भएका धार्मिक, ऐतिहासिक स्थलको नाम भनी व्याख्या गर्न लगाउने ।<br>● आफ्नो बस्ती, क्षेत्र नजिक रहेको कुनै एक धार्मिक स्थानको परिचय सहित संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरूको समूह विभाजन गरी सूची बनाउन लगाउने ।<br>● हामीले हाम्रा धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण किन गर्नुपर्छ भन्ने महत्त्व बताउन लगाउने ।<br>● अवलोकन भ्रमणको आधारमा परियोजना कार्य गराउने । | |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | क्षेत्रहरूको महत्त्व र व्यवस्थापन संम्बन्धी अन्तरक्रिया गराउने । | | | |
| ६ | हाम्रो भाषा, भेषभूषा र संस्कृति | ● स्थानीय जातजाति, भाषा, भेषभूषा र संस्कृति | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने जातजातिको भाषा, भेषभूषा र संस्कृति संरक्षण र सम्बर्धनमा स्थानीय सरकारको भूमिका | ● स्थानीय भाषा तथा भेषभूषा संरक्षण र सम्बर्धनमा स्थानीय सरकार तथा समुदायको भूमिका पहिचान गरी संरक्षण र प्रवर्द्धनमा सहभागी हुन र संस्कृतिको सम्मान गर्न | ● स्थानीय भाषा तथा भेषभूषा संरक्षण र सर्म्बधनमा स्थानीय सरकार तथा समुदायको भूमिका तथा संस्कृतिको सम्मान | ● नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विभिन्न जातजातिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडियो वा चार्ट बनाइ प्रस्तुत गर्ने र विद्यार्थीहरुलाई लेख्न लगाउने<br>● स्थानीय भाषा, भेषभूषा, धर्म, संस्कृति, कला आदिको प्रवर्धन र संरक्षणका लागि स्थानीय सरकार तथा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने ।<br>● स्थानीय भाषा, धर्म, संस्कृतिको हामीले किन सम्मान गर्नुपर्छ भन्ने बारेमा सोध्ने ।<br>● स्थानीय संस्कृतिको सम्बर्धन सम्बन्धी एउटा सडक | ● स्थानीय संग्रहालय, जातजातिको भाषा, भेषभूषा, चापपर्व, बाजागाजा सम्बन्धी भिडीयो, पम्पलेट, ब्रोसर आदि<br>● स्थानीय संस्कृति विज्ञसँगको भेटघाट | ● स्थानीय संस्कृति प्रवर्धन र संरक्षणका लागि नगरपालिकाले गर्दै आएका कार्यहरुबारे खोजी गरी बुँदागत रुपमा लेख्न लगाउने ।<br>● विभिन्न चाडपर्वमा बजाउने बाजाहरुको सूची र चित्र बनाउन लगाउने ।<br>● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● विद्यार्थीहरुको सडक नाटकमा सहभागिताको अवलोकन गर्ने ।<br>● विद्यार्थीहरुको व्यवहारिक परिवर्तन अवलोकन गर्ने | १४ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नाटक तयार पारी विद्यार्थीहरुको सहभागितामा समुदायमा प्रस्तुत गर्ने । | | | |
| | | ● स्थानीय चाडपर्व रितीरिवाज र संस्कार संस्कृति | ● दसैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद लगायतका स्थानीय क्षेत्रमा मनाइने चाडहरुको महत्त्वबोध गरी चाडपर्वहरुमा सहभागी हुन र हाम्रा धार्मिक, सांस्कृतिक, सामाजिक सहिष्णुता कायम राखि संरक्षण गर्न | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिका विभिन्न भाषा,धर्म,चाडपर्वहरुमा गरिने क्रियाकलापहरु र हाम्रा धार्मिक, सांस्कृतिक, सामाजिक सहिष्णुता | ● दशैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद लगायतका स्थानीय क्षेत्रमा मनाइने चाडहरुमा गरिने क्रियाकलापहरु र हाम्रो धार्मिक, साँस्कृतिक, सामाजिक सहिष्णुता | ● दशैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद लगायतका स्थानीय क्षेत्रमा मनाइने चाडहरुमा गरिने क्रियाकलापहरु र बनाइने परिकारहरुबारे छलफल गरी निष्कर्ष दिने ।<br>● पर्व, मेलाजात्रा मनाउँदा हामीले ध्यान दिनुपर्ने कुराहरुबारे छलफल गर्ने ।<br>● धार्मिक सहिष्णुता र सम्मानको महत्त्वबारे छलफल गर्ने ।<br>● धार्मिक सहिष्णुता, एक अर्काका धार्मिक क्रियाकलापहरुको सम्मान गर्ने बानीको विकास गर्न चाडपर्वहरुमा सहभागी गराउने । | ● विभिन्न चाडपर्व, मेलाजात्रा सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु | ● स्थानीय क्षेत्रमा मानाइने चाडहरुको छोटो परिचय र महत्त्व लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● धार्मिक सहिष्णुता भनेको के हो र समुदायमा सहिष्णुता कायम गर्न हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय मेला जात्रामा सहभागीता जनाउँदा ध्यान दिनुपर्ने कुराहरुको सूची बनाउन लगाउने । | |
| ७ | हाम्रा आनीबानी | स्वावलम्बनको परिभाषा, | ● मानिसलाई स्वावलम्बी हुन | ● सबै मानिसहरुलाई स्वावलम्बी बन्न | ● यथासम्भव स्थानीय क्षेत्रमा बसोबास गर्ने | ● स्वावलम्बनको परिभाषा र महत्त्व | ● आत्मनिर्भर भएर स्वतन्त्र र | ● विद्यार्थीहरुलाई आफ्नो टोलमा | ८ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा शिष्टाचार | आवश्यकता, अपरिहार्यता र यसका फाइदाहरु | आजको अपरिहार्य आवश्यकता हो भन्ने कुराको बोध गराउन<br>● युवाहरुको विदेश पलायन हुने गतिलाई रोक्न<br>● स्वावलम्बी बन्न स्थानीय तहमा सञ्चालन भएका योजनाहरुका बारेमा जानकार हुन । | असल प्रवृतिको विकास गर्नु पर्ने कुरामा जोड दिदैं स्थानीय क्षेत्रमा बसोबास गर्ने युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्न गरिएका प्रयासहरु | मानिसहरुलाई स्वावलम्बी बनाइ व्यक्ति, समाज र राष्ट्रलाई सफलता तिर डोऱ्याउन स्थानीय तहले गर्नु पर्ने प्रयासहरु | बारे शिक्षकले स्पष्ट पारिदिने ।<br>● स्वावलम्बी बनी व्यक्ति, समाज र राष्ट्र सफलता तिर लागेको लघु नाटक, भिडियो आदि प्रस्तुत गर्ने ।<br>● नागार्जुन नगरपालिका भित्र बसोबास गर्ने स्थानीय बासीहरुलाई नगरपालिकाले स्वावलम्बी बन्न के कस्ता योजनाहरु सञ्चालन गरेको छ ? नगरपालिकासँग तथ्याङ्क लिइ त्यसको बारेमा विद्यार्थीहरुलाई जानकारी गराउने ।<br>● स्वावलम्बनको आवश्यकता बारे विद्यार्थीहरुका मनमा के कस्ता प्रतिक्रियाहरु उब्जिएका छन् ? टिपोट गर्न लगाउने<br>● आफ्नो गाउँ वा टोलमा घरेलु उद्योग सञ्चालन भएमा हुने फाइदा र बेफाइदाका बारेमा प्रष्ट पारि दिने । | स्वाभिमानिपूर्वक बाँची घर, परिवार, समाज र राष्ट्रलाई योगदान दिइरहेको भिडियो, लघु नाटक, पम्पलेट, पर्चा आदि ।<br>● नागार्जुन नगरपालिकाबाट नगरबासीकालागि सञ्चालन गरिएका योजनाहरुको तथ्याङ्क । | विदेशिन बाध्य भएका युवायुवतीको तथ्याङ्क सङ्कलन गर्न परियोजना कार्य दिने ।<br>● स्वावलम्बनको परिभाषा र महत्त्व सोध्ने ।<br>● स्थानीय तहले नगरबासीकालागि स्वावलम्बी बन्न सञ्चालन गरिएका योजनाहरुको अभिलेख सङ्कलन गरि प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो टोलमा घरेलु उद्योग भएमा के फाइदा हुन्छ ? प्रश्न सोध्ने । | |
| ८ | हाम्रो पेसा तथा | स्थानीय उत्पादन, कला र सीप | ● रोजगारी सिर्जना र आयमूलक | ● स्थानीय क्षेत्रमा गर्न सकिने आयमूलक | ● स्थानीय क्षेत्रमा गर्न सकिने आयमूलक | ● स्थानीय क्षेत्रमा गर्न सकिने आयमूलक | ● आयमुलक रोजगारी सिर्जना हुने (चामल | ● स्थानीय क्षेत्रमा गर्न सकिने | १५ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसाय | | कार्यहरु (चामल तथा पिठो पिस्ने, अचार बनाउने, जडिबुटी सङ्कलन, सक्खर चाकु बनाउने, तेल तथा उखु पेल्ने) जस्ता पेशाव्यवसाय संचालन गरी स्वरोजगारी हुने | काम (चामल तथा पिठो पिस्ने, अचार बनाउने, जडिबुटी संकलन, सक्खर चाकु बनाउने, तेल तथा उखु पेल्ने) लगायत पेशाव्यवसाय सञ्चालनबाट रोजगारी सिर्जना गर्न | कार्यहरु (चामल तथा पिठो पिस्ने, अचार बनाउने, जडिबुटी संकलन, सक्खर चाकु बनाउने, तेल तथा उखु पेल्ने) लगायत पेशाव्यवसायबाट सिर्जना हुने रोजगारी | कार्यहरुको परिचय सहित यसको महत्त्व बुझाउने कार्यहरु गराउने ।<br>● आयमुलक कार्य (चामल तथा पिठो पिस्ने, अचार बनाउने, जडिबुटी संकलन, सक्खर, चाकु बनाउने, तेल तथा उखु पेल्ने) पेसाको सीप सिकी व्यवहारमा प्रयोग गर्न ।<br>● स्थानीय पेशाव्यवसायबाट सिर्जना हुने रोजगारको प्रकार सहित कामको महत्त्वबोध गराउन | तथा पिठो पिस्ने, अचार बनाउने, जडिबुटी संकलन, सक्खर चाकु बनाउने, तेल तथा उखु पेल्ने) जस्ता पेशाव्यवसाय झल्किने चित्र, पोष्टर र भिडियोका सामग्रीहरु<br>● स्थानीय स्तरमा उपलब्ध हुने अन्य सीप र आयमूलक कार्य झल्कने पोस्टर तथा पम्प्लेट | आयमूलक कार्यहरुको परिचय दिदै यसको आवश्यकता, महत्त्व उल्लेख गर्दै प्रस्तुत गराउने ।<br>● आयमुलक कार्य जस्तैः चामल तथा पिठो पिस्ने, अचार बनाउने, जडिबुटी संकलन, सक्खर ,चाकु बनाउने, तेल तथा उखु पेल्ने पेसाको सीप र यसले पारेको प्रभावलाई वर्णन गर्न लगाउने ।<br>● स्थानीय पेशाव्यवसायबाट घर परिवारमा सिर्जना हुने रोजगारको सूचि बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| | | व्यवसायिक कार्य र अतिथि सत्कार | स्थानीय सहकारी र रोजगारी सिर्जना, पर्यटकीय गन्तव्यका क्षेत्रहरु र आतिथ्य सत्कारमा स्थानीय परिकार | ● स्थानीय क्षेत्रमा भएका तथा हुनसक्ने रोजगारी सिर्जनाका लागि सहकारी, पर्यटन र पर्यटकीय गन्तव्यका क्षेत्रहरु, आतिथ्य सत्कार | ● स्थानीय क्षेत्रमा भएका तथा हुनसक्ने रोजगारी सिर्जना गर्न सहकारी, पर्यटन र पर्यटकीय गन्तव्यका क्षेत्रहरुको पहिचान तथा आतिथ्यता सत्कार | ● स्थानीय क्षेत्रमा रोजगारी सिर्जना सहकारी र पर्यटकयि स्थलहरुको परिचय र आवश्यकता प्रस्तुत गर्न ।<br>● टोलछिमेक र घर | ● स्थानीय सहकारी,रोजगारी सिर्जना, पर्यटकीय गन्तव्य लगायतका विषय वस्तु झल्किने चित्र, भिडियो, पोस्टर र अन्य श्रव्य दृष्य | ● टोलछिमेक र घर वरपर भएका पर्यटकीय गन्तव्यको सूची तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय स्तरमा | |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | वरिपरि भएका पर्यटकीय गन्तव्यको सूची तयार पारी प्रस्तुत गर्न ।<br>● पर्यटकीय गन्तव्यका क्षेत्रहरुको पहिचान गरी आतिथ्यता सत्कार गर्ने कार्यहरु स्थानीय स्तरमा गर्न | सामग्री | पर्यटकीय गन्तव्यका क्षेत्रहरुको पहिचान कसरी गर्ने र आतिथ्यता सत्कारमा के के गर्न सकिन्छ भनी वर्णन गर्न लगाउने । | |
| ९ | स्थानीय खेल, योग र सन्तुलित भोजन | स्थानीय खेलहरु, योग व्यायाम र सन्तुलित भोजन | ● स्थानीय क्षेत्रमा गरिने योग अन्तरगत चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको परिचय र अभ्यास | ● स्थानीय क्षेत्रमा गरिने योग अन्तरगत चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको परिचय र अभ्यास गर्न र अरुलाई सिकाउन | ● स्थानीय क्षेत्रमा गरिने योग अन्तरगत चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको परिचय र अभ्यास सिकाउने | ● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको परिचय दिने<br>● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको अभ्यास गराउने<br>● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको फाइदाहरु बताउने | ● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासन सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री<br>● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासन सम्बन्धी प्रशिक्षण अभ्यास<br>● स्थानीय योग, ध्यान केन्द्रका प्रशिक्षक | ● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको परिचय दिन लगाउने ।<br>● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको प्रभाव बारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● चक्रासन, सेतुबन्ध आसन, मर्कटासन, कट्टी उत्तानासन, मकरासन, भुजङ्गासन र धनुरासनको बारेमा वर्णन गर्न लगाउने ।<br>● विद्यार्थीहरुको | ८ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | क्रियाकलाप अवलोकन गर्ने । | |
| | | स्थानीय खेलहरु, योग व्यायाम र सन्तुलित भोजन | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र सञ्चालित गतिविधीहरू | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र सञ्चालित गतिविधीहरूको पहिचान गरी तिनीहरुको प्रर्वधनमा सहयोग गर्न तथा योग ध्यानको अभ्यास गर्न र अरुलाई सिकाउन | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र सञ्चालित गतिविधीहरू र तिनीहरुको प्रर्वधन | ● स्थानीय क्षेत्रमा भएका योग, व्यायाम, जिम, खेलकुद प्रशिक्षण केन्द्र आदिको खोजी गरी सूची बनाउने र तिनीहरुले सञ्चालन गर्दै आएका क्रियाकलापहरुबारे बताउने ।<br>● विद्यालय नजिकैको कुनै एक योग, व्यायाम, जिम, खेलकुद प्रशिक्षण केन्द्रको अवलोकन भ्रमण गराइ त्यसको सेवा सुविधा सम्बन्धी सञ्चालकसँग छलफल गरी प्रतिवेदन तयार पार्न लगाउने ।<br>● खेल, योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>● दैनिक अभ्यासको तालिका बनाउन लगाउने र कुनै प्रसिद्ध व्यक्तिहरूले बनाएको नमूना प्रदर्शन गर्ने र त्यसै | ● विभिन्न खेल, योगा र प्रणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री<br>● योग ध्यानको फाइदा सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री<br>● स्थानीय योग, ध्यान, जिम लगायत विभिन्न खेल प्रशिक्षण केन्द्रहरुको ब्रोसर | ● स्थानीय कुनै एक खेलकुद, योग, व्यायाम प्रशिक्षण केन्द्रको परिचय दिन लगाउने ।<br>● योग ध्यानले कसरी हाम्रो स्वास्थ्यमा राम्रो प्रभाव पार्दछ भन्ने बारेमा सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● कुनै एउटा योग तथा आशनको बारेमा वर्णन गर्न लगाउने ।<br>● विद्यार्थीहरुले योग सम्बन्धी क्रियाकलापहरुको अवलोकन गर्ने । | |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुरुप दैनिक अभ्यास गर्ने । | | | |
| १० | स्थानीय साहित्य तथा साहित्यकारहरु | स्थानीय साहित्य तथा साहित्यकारहरु | ● कविता : नागार्जुनको संस्कृति ( नागार्जुनका चाड पर्व, विभिन्न जातजातिका चाड पर्व, भेषभुषा र संस्कारहरु) | ● नागार्जुनको संस्कृति कविताको वाचन गर्न<br>● नागार्जुनको संस्कृति कविताको विषयवस्तु बोध गरी मूलभाव पहिचान गर्न<br>● नागार्जुनको संस्कृति कविताको लयबद्ध पठन संरचना पहिचान गर्न<br>● नागार्जुनको संस्कृति कविताको श्रुति लेखन तथा गद्यमा रूपान्तरण गर्न<br>● नागार्जुन मुख्य संस्कृतिहरुको पहिचान गर्न | ● कविता : नागार्जुनको संस्कृति (नागार्जुनका चाड पर्व, विभिन्न जातजातिका चाड पर्व भेषभूषा र संस्कारहरु) | ● नागार्जुनको संस्कृति कविताको लयबद्ध वाचन गर्न लगाउने र गर्ने ।<br>● नागार्जुनको संस्कृति कविताको विषयवस्तु बोध गरी मूलभाव पहिचान गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको लयबद्ध पठन संरचना पहिचान गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको श्रुति लेखन तथा गद्यमा रूपान्तरण गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको बारेमा छलफल र अन्तरक्रिया, प्रश्नोत्तर, सन्देश लेखन, सम्बन्धित विषय वस्तुमा आधारित स्वतन्त्र रुपमा कविता रचना गर्न लगाउने । | ● नागार्जुन क्षेत्र भित्रका मुख्य संस्कृतिहरु (चाड पर्व, भेषभूषा र संस्कारहरु) झल्कने फोटो, चित्रहरु, श्रव्य दृष्य सामग्री, भिडियो ।<br>● नागार्जुन क्षेत्र भित्रका मुख्य संस्कृतिहरु झल्कने क्षेत्रको अवलोकन । | ● नागार्जुनको संस्कृति कविताको वाचन गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको विषयवस्तु बोध गरी मूलभाव पहिचान गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको लयबद्ध पठन संरचना पहिचान गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको विषय वस्तुमा आधारित प्रश्न सोध्ने ।<br>● नागार्जुनको संस्कृति कविताको विषयवस्तुमा आधारित पर्यायवाची शब्दको पहिचान र प्रयोग गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको विषयवस्तुमा आधारित वर्णविन्यासको पहिचान र प्रयोग गर्न लगाउने ।<br>● नागार्जुनको संस्कृति कविताको विषयवस्तुमा | ६ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | आधारित स्वतन्त्र रुपमा कविता रचना गर्न लगाउने । | |
| | | स्थानीय साहित्य तथा साहित्यकारहरु | ● नागार्जुनका साहित्यकारहरु श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमवहादुर थापा (जिताली)को परिचय, जीवनी र कृतिहरु | ● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को परिचय दिइ व्यक्तित्व वर्णन गर्न एस. पि. आसा र बमबहादुर थापा (जिताली) का कृतिहरुको वर्णन गर्न | ● नागार्जुनका साहित्यकारहरु श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को परिचय, जीवनी र कृतिहरु | ● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को परिचय दिने ।<br>● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को व्यक्तित्व वर्णन गर्ने ।<br>● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को कृतिहरुको वर्णन गर्ने । | ● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को अन्तरवार्ताको अडियो, भिडियो रेकर्ड र कृतिहरु ।<br>● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को जीवनी पुस्तक । | ● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को कृतिहरुको सूची बनाउन लगाउने ।<br>● नागार्जुनका साहित्यकार श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली)को जीवनीले दिने सन्देश लेख्न लगाउने ।<br>● श्रीप्रसाद घिमिरे (एस. पि. आसा) र बमबहादुर थापा (जिताली) पाठ बाट देखेका, सुनेका र अनुभवमा आधारितविषय वस्तुहरुको मौखिक वर्णन गर्न लगाउने ।<br>● नागार्जुनका अन्य साहित्यकारहरुको अनुकरणात्मक जीवनी लेख्न लगाउने । | |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | अनलाइन शिक्षा | अनलाइन शिक्षा | • आर्टिफिसियल इन्टेलिजेन्स, यसका क्षेत्रहरु, फाइदा तथा बेफाइदाहरु<br>• डिजिटल फुटप्रिन्ट र डिजिटल आरोग्यता<br>• नेपालमा साइबर अपराध सम्बन्धी कानुनी व्यवस्था र नेपाल प्रहरी | • आर्टिफिसियल इन्टेलिजेन्सको परिचय दिन<br>• आर्टिफिसियल इन्टेलिजेन्सको उपयोगिता, फाइदा तथा बेफाइदाहरु बताउन<br>• डिजिटल फुटप्रिन्ट र आरोग्यता पहिचान गरी उपयोगिता बताउन<br>• नेपालमा साइबर अपराध सम्बन्धी कानुनी व्यवस्था बताउन<br>• नेपाल प्रहरी साइबर व्यूरो सम्बन्धित जानकारी दिन | • आर्टिफिसियल इन्टेलिजेन्सको पहिचान र परिचय<br>• आर्टिफिसियल इन्टेलिजेन्सको उपयोगिता, फाइदा तथा बेफाइदाहरु<br>• डिजिटल फुटप्रिन्ट र डिजिटल आरोग्यता पहिचान परिचय, उपयोगिता तथा कार्यहरु<br>• नेपालमा साइबर अपराध सम्बन्धी कानुनी व्यवस्था<br>• नेपाल प्रहरी साइबर व्यूरो सम्बन्धित जानकारी | • आर्टिफिसियल इन्टेलिजेन्सको परिचय, उपयोगिता, फाइदा तथा बेफाइदा प्रस्तुत गर्ने ।<br>• अनलाइन सुरक्षाका उपायहरु डिजिटल फुटप्रिन्ट र डिजिटल आरोग्यताको परिचय दिने ।<br>• डिजिटल फुटप्रिन्ट र डिजिटल आरोग्यताका कार्यहरु बयान गर्ने ।<br>• विद्यार्थीहरुलाई कम्प्युटर प्रयोगशालामा लगि डिजिटल फुटप्रिन्ट र डिजिटल आरोग्यताको भिडियो अवलोकन गराउने ।<br>• नेपालमा साइबर | • आर्टिफिसियल इन्टेलिजेन्सको परिचय दिने सूची, ब्रोसर, फोटो, चार्ट वा श्रव्यदृष्य सामग्री<br>• अनलाइन सुरक्षाका उपायहरु सम्बन्धी भिडियो<br>• डिजिटल फुटप्रिन्ट र डिजिटल आरोग्यता सम्बंधित चित्र, फोटो, भिडियो, बृत्तचित्र<br>• साइबर अपराध, साइबर बुलिङ, ह्याकिङ, फिसिङ, साइबर जासुसी सम्बन्धी स्थानीय तहमा भएका घटनाहरु<br>• नेपालमा साइबर अपराध सम्बन्धी कानूनी व्यवस्था<br>• नेपाल प्रहरी साइबर व्यूरो सम्बन्धी जानकारी | • आर्टिफिसियल इन्टेलिजेन्सको छोटो परिचय सहित यसको उपयोगिताको पहिचान गरी सूची बनाउन लगाउने ।<br>• आर्टिफिसियल इन्टेलिजेन्सको फाइदा तथा बेफाइदाहरु लेख्न लगाउने ।<br>• डिजिटल फुटप्रिन्ट र डिजिटल आरोग्यताको परिचय सहित वर्णन गर्न लगाउने ।<br>• विद्यार्थीहरुलाई कम्प्युटर प्रयोगशाला लगि अनलाइनबाट नेपालमा साइबर अपराध सम्बन्धी घटनाहरुको सूची बनाउन लगाउने । | ७ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अपराध सम्बन्धी कानुनी व्यवस्था बयान गर्ने ।<br>● नेपाल प्रहरी साइबर व्यूरो सम्बन्धी जानकारी बताउने । | | | |
| १२ | नागार्जुन नगरपालिका चिनारी | नागार्जुनको परिचर्चा र नगरपालिका नामाकरण | नागार्जुनको नामाकरण, यसको तथ्य र ऐतिहासिक प्रमाण, नागार्जुन र जामाचो सम्बन्ध | ● नागार्जुनको नामाकरण, यसको तथ्य र ऐतिहासिक प्रमाण, नागार्जुन र जामाचो सम्बन्धको वर्णन गर्न | ● नागार्जुनको नामाकरण, यसको तथ्यको ऐतिहासिक प्रमाण, नागार्जुन र जामाचो सम्बन्धको वर्णन र यस तथ्यको पुष्टि गराउने विषयवस्तु | ● नागार्जुनको परिचय सहित विवरण प्रस्तुत गर्न ।<br>● नागार्जुनको नामाकरण, यसको ऐतिहासिक तथ्य प्रमाण बारे भन्न, वर्णन गर्न ।<br>● नागार्जुन र जामाचोको सम्बन्ध तथ्यमा आधारित रहि वर्णन गर्न | ● नागार्जुन र जामाचो सम्बन्धी चित्र, तस्बिर, पोस्टर, जीवनी तथा श्रव्यदृष्य सामग्री | ● नागार्जुन को थिए ? उनको वर्णनात्मक विधिमा परिचय प्रस्तुत गर्न लगाउने ।<br>● नागार्जुनको नामाकरण, यसको ऐतिहासिक तथ्य र प्रमाणका आधारमा वर्णन गर्न लगाउने ।<br>● नागार्जुन जामाचोमा किन आएका थिए ? त्यसको वर्णन गरी कक्षामा छलफल गराउन लगाउने । | ७ |
| १३ | सुरक्षा शिक्षा | सुरक्षा शिक्षाको परिचय, उद्देश्य, महत्त्व, प्रकार | सुरक्षा शिक्षा (परिचय, उद्देश्य र महत्त्व) सुरक्षाको प्रकार (भौतिक, सामाजिक, भावनात्मक वा व्यक्तिगत, दुरुपयोग विरुद्ध, साइबर सुरक्षा) विद्यालयमा | ● सुरक्षा शिक्षाको (परिचय, उद्देश्य र महत्त्व) सुरक्षाको प्रकार (भौतिक, सामाजिक, भावनात्मक वा व्यक्तिगत, दुरुपयोग विरुद्ध, साइबर सुरक्षा) विद्यालयमा | ● सुरक्षा शिक्षाको (परिचय, उद्देश्य र महत्त्व), सुरक्षाको प्रकार (भौतिक, सामाजिक, भावनात्मक वा व्यक्तिगत, दुरुपयोग विरुद्ध, साइबर सुरक्षा) विद्यालयमा अप्नाउने सुरक्षा सम्बन्धी उपाय र महत्त्व | ● सुरक्षा शिक्षाको परिचय, उद्देश्य र महत्त्व वर्णन गर्न ।<br>● सुरक्षाको प्रकार (भौतिक, सामाजिक, भावनात्मक वा व्यक्तिगत, दुरुपयोग विरुद्ध, साइबर सुरक्षा) को फाइदा | ● सुरक्षा शिक्षा सम्बन्धी विभिन्न प्रकारका चित्र, फोटा, पोष्टर र श्रव्यदृष्यका सामग्रीहरु<br>● सुरक्षा शिक्षा सम्बन्धी विभिन्न प्रकारका अभ्यास | ● सुरक्षा शिक्षाको परिचय, उद्देश्य र महत्त्व वर्णन गरी बुँदा टिपोट गर्न लगाउने ।<br>● सुरक्षाको प्रकार (भौतिक, सामाजिक, भावनात्मक वा व्यक्तिगत, दुरुपयोग | ६ |

| क्र.सं. | क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अप्नाउने सुरक्षा सम्बन्धी जानकारी दिने | अप्नाउने सुरक्षा सम्बन्धी उपाय र भूमिका विश्लेषण गर्न | | महत्त्व र आवश्यकता उल्लेख गर्न ।<br>● विद्यालय, घर परिवारमा अप्नाउने सुरक्षा सम्बन्धी उपाय र महत्त्व टिपोट गरी कक्षामा प्रस्तुत गर्न । | रोलप्ले तथा सचेतना | विरुद्ध, साइबर सुरक्षा) को फाइदा महत्त्व र आवश्यकता प्रस्तुत गर्न लगाउने ।<br>● विद्यालय, घरपरिवार वा टोलछिमेकमा अप्नाउने सुरक्षा सम्बन्धी उपाय, यसका कार्य र महत्त्व प्रस्तुत गर्न लगाउने । | |

## ९. सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन

### ९.१ सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छ :

बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्ने छ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ ।

१) सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।

२) विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।

३) सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।

४) शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

५) पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।

६) सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

७) भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ ।

८) सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ।

९) सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।

१०) बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।

११) सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।

१२) सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

१३) शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ।

१४) सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सिप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ।

१५) पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गतिबमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ ।

विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारुअनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार भिन्न भिन्न ढङ्गले व्यवस्थापन गर्न सकिन्छ । सिकाइ प्रक्रियामा एकातिर आधुनिक शैक्षणिक प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ भने अर्कातर्फ विद्यार्थीअनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय परिवेशअनुकूलका विधि तथा प्रविधिको प्रयोग पनि आवश्यक हुन्छ । त्यस्तै स्थानीय वातावरण, विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकताले पनि सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने गर्दछ । शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि

प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक,
मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

## ९.२ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. विषयवस्तुको स्वरूप : विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. बालमनोविज्ञान : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिइ शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ । नेपाली इतर मातृभाषी विद्यार्थीका लागि सिकाइ सहजिकरणमा सम्बन्धित मातृभाषाको प्रयोगसमेत गर्न सकिने छ ।

४. स्रोत साधनहरूको उपलब्धता : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. समय र विद्यार्थी सङ्ख्या : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

७. शिक्षकको योग्यता, क्षमता र रुचि : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## ९.३ विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू

क्रियाकलापमुखी सिकाइमा जोड दिइ कक्षामा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. कथाकथन एवम् गीत : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. आगमन विधि : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३. भूमिका निर्वाह/अभिनय : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. निर्माणात्मक कक्षा : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. सहयोगात्मक कक्षा : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. परियोजना कार्य : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. छलफल र प्रश्नोत्तर : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. अन्वेषण, अनुसन्धान तथा खोज : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।
९. प्रविधियुक्त कक्षा : मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।
१०. सिर्जनात्मक कार्य : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।
११. समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।
१२. खेल विधि : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।
१३. प्रयोगात्मक विधि : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।
१४. भ्रमण : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।
१५. प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।
१६. स्वाध्ययन तथा छलफल : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।
१७. अन्तरक्रिया : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।
१८. उदाहरण र प्रयोग : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।
१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमूना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## १०. विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १–५ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १–५ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

कक्षा १–५ मा पाठ्यक्रमअनुसार विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिने छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । यसैका आधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ ।

### १०.१ सिकाइका लागि मूल्याङ्कन

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना

गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनि गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ । निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको

विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–५ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ ।

यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

## १०.२ मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-५ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-५ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

### १०.२.१ कक्षा १–५ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

### १०.२.२ मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

कक्षा १–५ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन् :

### १०.२.३ तालिका : विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

| क्र. सं. | मूल्याङ्कनका तरिका मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|
| १ | कक्षा सहभागिता अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३ | लिखित कार्य प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्वमूल्याङ्कन रुजू सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया रुजू सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

### १०.२.४ तालिका : विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ ।

यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चितता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि नमूना साधन, साधन प्रयोग गर्ने तरिका तथा मूल्याङ्कनको अभिलेख व्यवस्थापनसम्बन्धी थप विवरण अनुसूचीमा समावेश गरिएको छ ।

## १०.३ कक्षा ६ –८ मा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

**(क) आन्तरिक मूल्याङ्कन :** आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता तथा सक्रियता : कक्षामा उपस्थिति, कक्षा कार्य, गृहकार्य, तथा प्रयोगात्मक कार्यमा सक्रियता | ४ |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

**(ख) निर्णयात्मक मूल्याङ्कन :** आधारभूत तह (कक्षा ६ –८) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(अ) आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

(आ) निर्णयात्मक मूल्याङ्कनका अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।

(इ) परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाइ मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

## १०.४ अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।

- दृष्टिविहीनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिन्छ ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

## ११. शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट

नेपालमा बहुसांस्कृतिक र बहुभाषिक समुदायको बसोवास रहेकाले यहाँ विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । नेपालका प्रायजसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयहरूमा समेत विभिन्न भाषिक तथा सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू हुन सक्दछन् ।

नेपालमा धेरै प्रकारका भाषा बोलिने भएकाले धेरै जसो विद्यालयहरूमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था रहेको छ ।

विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुने छ । दोस्रो वा तेस्रो भाषामा शिक्षणसिकाइ सुरु गर्दा भाषा नबुझ्नाले बालबालिकाहरू विद्यालय तथा कक्षाकोठामा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्दछन् । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सिप उनीहरूले सहज रूपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा निरासता सिर्जना भई कक्षा छाड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः नियमित रूपमा विद्यालयमा पठाउन नसक्ने समस्या सिर्जना हुन जान्छ । बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्न सकिएमा शिक्षण प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जानुका साथै अन्य भाषाको सिकाइमा पनि मातृभाषा सिकाइको सकारात्मक प्रभाव पर्ने कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन् । यसरी प्रारम्भिक तहका विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा सिकाइ सहज हुनाका साथै पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो वा तेस्रो भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिँदैन । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तरक्रिया हुन गई सिकाइ सजिलो र छिटो हुनाका साथै अन्य भाषाको सिकाइमा पनि पहिलो भाषाको सिप सङ्क्रमण सहज हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घरपरिवार तथा समुदायमा बोलिने भाषाबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न र द्वि वा बहुभाषी विद्यार्थी भएका कक्षामा सिकाइ सहजीकरणका लागि द्वि वा बहुभाषाको प्रयोग हुन सक्ने वातावरण तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुने छ ।

आधारभूत तह (कक्षा १–८) मा शिक्षणको माध्यम भाषा सामान्यतया मातृभाषा, बहुभाषा वा नेपाली भाषा हुने छ ।

## १२. पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार

पाठ्यक्रम एक गतिशील प्रक्रिया हो । विकास गरिएको कुनै पनि पाठ्यक्रमको कार्यान्यन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुने गर्दछ । कुनै पनि पाठ्यक्रमको विकास निश्चित मूल्य तथा मान्यतामा आधारित भई पाठ्यक्रमका वर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोहीअनुरूप गरिएको हुन्छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वाभाविक रूपमा पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन् ।
पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुने छन् :
(क) विद्यार्थीको उपलब्धि स्तर
(ख) शिक्षकको कार्य सम्पादन स्तर
(ग) पठनपाठनमा उपयोग गरिएको समय
(घ) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(ङ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया
(च) सरोकारवालाको विद्यालयप्रतिको धारणा
उपर्युक्त पक्षका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ । यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतलाई हेरिने छ ।

पाठ्यक्रम मूल्याङ्कन, संशोधन, परिमार्जन र सुधार निरन्तर प्रक्रिया हो । परीक्षणपश्चात् लागू भएको पाठ्यक्रममा सामान्य सुधार तथा अद्यावधिक निरन्तर रूपमा हुने गर्दछ भने कार्यान्वयन भएको पाँच वर्षमा पुनरावलोकन गरिने छ । कार्यान्वयन भएको दस वर्षमा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन गरिने छ ।

## १३. विशिष्टीकरण तालिका

पाठ्यक्रमका निर्दिष्ट उद्धेश्यहरु पूर्ति भए भएन्न भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो भने मूल्याङकन प्रक्रियालाई योजनाबद्ध तथा प्रभावकारी बनाउने महत्त्वपूर्ण साधनमध्ये विशिष्टीकरण तालिका पनि एक हो । शिक्षाको गुणस्तर र प्रभावकारीता अभिवृद्धि गर्न मूल्याङ्कन प्रणलीमा सुधार गर्न अत्यावश्यक हुन्छ । मूल्याङ्कन प्रणालीमा सुधार गर्न पाठ्यकमका सम्पूर्ण पक्ष समेटेर मूल्याङ्कनका साधन निर्माण गरी मूल्याङ्कन प्रकृया सञ्चालन गर्नु अपरिहार्य हुन्छ । हाम्रो वर्तमान शैक्षिक प्रक्रियामा मूल्याङ्कनको अभिन्न अङ्गका रुपमा परीक्षालाई लिइने गरिएकाले परीक्षाका प्रश्नपत्र निर्माण गर्दा वैज्ञानिक आधार तय गरी प्रश्नपत्र निर्माण गर्नु आवश्यक छ । पाठ्यकमका उद्धेश्य प्राप्त हुने गरी पाठयकमका सबै विषयवस्तु समेटेर पाठयकमद्धारा निर्दिष्ट  मूल्याङ्कन प्रकृया अपनाई मूल्याङ्कनका साधनका रुपमा परीक्षालाई प्रयोगमा ल्याउन विशिष्टकरण तालिकाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । परीक्षा सञ्चालन गर्नु अगाडि प्रश्नपत्रहरु बनाउन कुन एकाइ वा पाठ्यकमबाट कुन प्रकारको प्रश्न सोध्ने, कुन उद्धेश्यको मुल्याङ्कन गर्ने कस्तो प्रश्नपत्र तयार गर्ने प्रश्नको अङ्कभार कति दिने कुन प्रश्नलाई कति समय निर्धारण गर्ने जस्ता कुराहरुको विचार गरेर प्रश्नपत्र निर्माण गर्नु आवश्यक हुन्छ । हरेक शिक्षकले परीक्षा सञ्चालन गर्नु अगाडि यिनै कुराहरु समावेश गरी तयार पारिने तालिकालाई नै विशिष्टकरण तालिका भनिन्छ । यसरी उक्त तालिकामा पाठ्यकमका उद्धेश्य विषयवस्तु, अङ्कभार समय, आदिलाईृ ख्याल गरि कुन एकाइबाट कस्ता र कतिओटा प्रश्नहरु सोध्ने, कुन प्रश्न कति अन्तरको राख्ने, कुन प्रश्नलाई कति समय दिने, प्रश्नमा ज्ञान, सिप र उच्च क्षमतालाई कुनकुन प्रश्नबाट मुल्याङकन गर्ने जस्ता कुराहरु समावेश गरिएको हुन्छ । विशिष्टकरण तालिकाकै अङ्गका रुपमा नमूना प्रश्नपत्र निर्माणकर्ता र उत्तर पुस्तिका परीक्षकका लागि एक प्रकारको मार्गदर्शन वा निर्देशिका पनि हो । त्यस्तै शिक्षकले शिक्षण प्रकृया सञ्चालन गर्दा पनि कुन विषयवस्तु कसरी कुनै उद्धेश्य प्राप्तीका लागि गर्ने भन्ने मार्गनिर्देश पनि यस तालिकाले गर्दछ ।

विशिष्टकरण तालिकाले शिक्षक तथा प्रश्नपत्र निर्माणकर्तालाई प्रश्नपत्र बनाउँदा विषयवस्तुगत वैधता निधारर्ण गर्न निर्देशित गर्दछ । जसमा पाठ्यकको उद्धेश्यअनुसार परीक्षा र मूल्याङ्कान प्रतिबिम्बत भएको हुन्छ । परीक्षाको स्तरिकरण एकरुपता र वैधताका लागि विशिष्टकरण तालिकाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसमा सिकाईका सम्पूर्ण पक्ष समेटिएको हुनुपर्छ । पाठ्यकमका सम्पूर्ण क्षेत्रबाट प्रश्न निर्माण गर्न सकिने गरी ज्ञान, बोध र अन्य तहका प्रश्नपत्रहरु निर्माण गर्न, प्रश्न सङ्ख्या, समय र अङ्क निर्धारण गर्न तथा मुल्याङ्कन गर्ने प्रकृया समेतलाई निर्धारण गर्ने हुँदा शिक्षण सिकाइ प्रक्रियामा यसको अहम् भूमिका रहेको हुन्छ ।

कुनै पनि विषयको पाठ्यकमअनुसार विशिष्टकरण तालिकाका फरफरक ढङ्गले निर्माण गर्न सकिन्छ । त्यस्तै विषयको प्रकृति र स्वरुप अनुसार पनि विशिष्टकरण तालिका निर्माण हुन सक्दछ । तैपनि सामान्यतया विशिष्टकरण तालिका निर्माण गर्दा निम्नलिखित कुराहरमा विचार गर्न आवश्यक हुन्छ :
क) पाठ्यकमका साधारण र विशिष्ट उद्धेश्यहरु (ज्ञान, सिप अभिवृत्ति पक्ष)
ख) विषयवस्तुका क्षेत्र र विधाहरु
ग) सिकाइका विभिन्न तहहरु सम्झाइ, बुझाइ, प्रयोग, विश्लेषण, संयोजन आदि पक्षहरु
घ) पाठ्यकमद्धारा निर्दिष्ट पाठ्यभार र विषयवस्तुको व्यापकता
ङ) परीक्षामा  सोधिने प्रश्नका प्रकार, प्रश्नका स्तर, प्रश्नका सङ्ख्या, अङ्कभार र समय
च) प्रश्न निर्माणका लागि स्पष्ट मार्गनिर्देशन
छ) विशिष्टकरण तालिकाअनुसारको नमूना प्रश्नपत्र एवं त्यसको उत्तर कुन्जिका ।

### १३.१ विशिष्टकरण तालिकाको प्रयोग

वर्तमान मूल्याङ्कन प्रक्रियामा सुधार गरी पाठ्यकमको मूल्याङ्कन प्रकृयाअनुरुप विशिष्टकरण तालिका निर्माण गर्ने विशिष्टकरण तालिकाअनुसार नमूना प्रश्नपत्र बनाई परीक्षा सञ्चालन गर्ने र तदानुरुप शिक्षक तथा विद्यार्थीहरुमा यसको प्रयोग गर्दै जाने बानी बसाल्नु आज अपरिहार्य भैसकेको छ । पाठ्यकमले निधारर्ण गरेका लक्ष्य तथा उद्धेश्य पुरा गर्नका

लागि विशिष्टकरण तालिकाको निर्माण गरी सम्पूर्ण पक्षलाई समेट्ने गरी प्रश्नपत्र तयार गरी सो अनुसार परीक्षा सञ्चालन एवं परीक्षण र पृष्ठपोषण गर्न आवश्यक भएकाले यसको महत्त्वपूर्ण भूमिका रहेको छ, मूलत विशिष्टकरण तालिकाको प्रयोग निम्नलिखित कार्यकालागि गर्न सकिन्छ :

**क)** **योजना निर्माण गर्न** : हरेक प्रकारका शैक्षणिक योजना निर्माण गर्न विशिष्टकरण तालिकाले सहयोग पुऱ्याँउदछ । विद्यार्थीहरुका सिकाइउपलब्धी मापन गर्न आवश्यक मूल्याङ्कन सामाग्री कस्तो खालको, कति भारको हुने र प्रश्न सङ्ख्या जस्ता कुराहरु अध्यापन योजनामा राख्न सहयोग पुग्ने हुँदा मूल्याङ्कनको अभिन्न अंगका रुपमा योजना निर्माणमा विशिष्टकरण तालिकाको प्रयोग गर्नुपर्दछ ।

**ख)** **उपयुक्त प्रश्नपत्रको निर्माण गर्न** : एक निश्चित समयावधिभित्र पाठ्यक्रम वा उद्धेश्य अनुरुप विद्यार्थीहरुका सिकाइ उपलब्धी मूल्याङ्कन गर्न सिकाइ तह अनुरुप प्रश्नहरुका निश्चित प्रकार र सङ्ख्या, अंकभार , समय आदि यसमा राखिने हुँदा प्रश्नपत्र निर्माण गर्न यसले सघाँउछ ।तसर्थ मुल्याङ्कनलाई प्रभावकारी रुपमा प्रयोग गर्न यसले सघाँउछ ।

**ग)** **विद्यार्थीहरुको सिकाइमा अभिवृद्धि गर्न** : यस तालिकामा सिकाइका कुनकुन तहहरुलाई मापनगर्ने र हरेक तहका सिकाइलाइ कति भार दिने भन्ने जस्ता कुराहरु राखिएको हुन्छ । तसर्थ शिक्षणसिकाइ क्रियाकलापमा यी कुराहरुलाई सामञ्जसय कायम गराउन सकिएमा विद्यार्थीको सिकाइमा अभिवृद्धि हुन जान्छ । यस तालिकामा ज्ञान, बोध व्यवहारिक सीप तथा उच्च दक्षतामापन गर्ने गरी प्रश्नहरु तहअनुसार निर्माण गर्ने प्रक्रिया उल्लेख हुने हुनाले पनि यस तालिकाको प्रयोग सही रुपमा भएमा विद्यार्थीको सिकाइ अभिवृद्धिमा सहयोग पुग्न जान्छ ।

माथि उल्लेख गरिएका आधारमा बुँदागत रुपमा विशिष्टकरण तालिकाले शिक्षक, विद्यार्थी र प्रश्नपत्र निर्माणकर्तालाई परीक्षा र मूल्याङ्कन कार्य सञ्चालन गर्न निम्नानुसारको सहयोग पुऱ्याँउछ :

- पाठ्यक्रम उद्धेश्य एवम् विषयवस्तुका सम्पूर्ण क्षेत्र र विधा समेटेर प्रश्न निर्माण गर्न ।
- समय पूर्णाङ्क तथा प्रश्न सङ्ख्या यकिन गर्ने ।
- कुन विधि वा क्षेत्रबाट कस्ता र कति प्रश्न निर्माण गर्ने भन्नेबारेमा निर्देश गर्न ।
- सबै सीप र दक्षता समेट्ने गरी प्रश्नपत्र निर्माण गर्ने भन्नेबारेमा निर्देश गर्न ।
- प्रश्नपत्र निर्माणकर्ता र शिक्षकलाई पथ प्रदशर्न गर्न ।
- प्रश्नपत्रलाई बैज्ञानिक र व्यवस्थित बनाई एकरुपता ल्याउन ।
- परीक्षामा विश्वासनियता र ल्याउन र विद्यार्थी विद्यार्थीबीच को  उपलब्धी तुलना गर्न
- पाठको उद्धेश्य र विद्यार्थीको उपलब्धिकाबीच तुलना गर्न ।
- विद्यार्थीमा सम्पूर्ण क्षेत्र र विधा समेटेर पढ्ने बानीको विकास गर्न ।
- शैक्षिणिक योजना निर्माणमा मुल्याङ्कनका प्रश्न तय गर्न ।

यसरी माथि उल्लेखित भएका बुँदाले विशिष्टीकरण तालिकाको प्रयोग र महत्त्वलाई स्पष्ट पार्दछ ।

## १३.२ प्रश्नपत्र निर्माण गर्दा प्रयोग हुने मुख्य क्रियापदहरु :

प्रश्नपत्र निर्माण गर्दा प्रश्नलाई मापनिय वस्तुगत विश्वासनिय र वैद्य वनाउन धेरै कुरामा ध्यान पुऱ्याउन आवश्यक हुन्छ । त्यस्तै ज्ञान, बोध, प्रयोग र अन्य तहका प्रश्नपत्रहरु निर्माण गर्न निश्चित क्रियापदहरुको प्रयोग गर्नुपर्दछ । तसर्थ प्रश्नपत्र निर्माण गर्दा कुन तहको प्रश्नमा कस्ता क्रियापद प्रयोग गर्न उपयुक्त भन्ने जानकारीका लागि यहाँ केही क्रियाहरु उदाहरणस्वरुप प्रस्तुत गरिएको छ ।

**१)** **ज्ञान तह वा स्मरण गर्नु (Remembering) का लागि :** स्मरण गर्नु संज्ञानात्मक क्षेत्रको सबैभन्दा तल्लो तह हो । स्मरण गर्नुलाई दिगो स्मरणबाट पहिले जानेको कुरा पूनः प्राप्त गर्ने भनी परिभाषित गरिन्छ । यसमा सूचनाको पुनःस्मरण गर्ने, चिन्ने, पुनः प्राप्ति गर्ने जस्ता कार्यमा आधारित भई उद्देश्यको निमार्ण गरिन्छ । यस तहका उद्धेश्यहरुको निर्माण गर्न निम्न क्रियापदहरुको प्रयोग गरिन्छ ।

| | | | |
|---|---|---|---|
| क) परिभाषित गर्नु | ख) सूची बनाउनु | ग) नामाकरण गर्नु | घ) रुपरेखा तयार गर्नु |
| ङ) पुनः स्मरण गर्नु | च) पुनः प्राप्त गर्नु | छ) देखाउनु | ज) भन्नु |
| झ) पुनः उत्पादन गर्नु | ञ) जनाउनु | ट) चिन्नु | ठ) जोडा मिलाउनु |
| ड) प्रतिवेदन प्रस्तुत गर्नु | | | |

**२)** **बोध तह वा बुझ्नु (Understanding) का लागि :** बुझ्नु संज्ञानात्मक क्षेत्रको दोश्रो तह हो । शिक्षण क्रियाकलापबाट अर्थको निमार्ण गर्नु बुझ्नु हो । मौखिक, लिखित र चित्रात्मक सञ्चारको माध्यामले अर्थको निमार्ण गर्ने उद्देश्य यसमा पर्दछन् । व्याख्या गर्नु, वर्गीकरण गर्नु, उदाहरण दिनु आदिले अर्थ बुझेको संकेत गर्छ । यस तहका उद्धेश्यहरुको निर्माण गर्न निम्न क्रियापदहरुको प्रयोग गरिन्छ ।

क) अर्थ बताउनु ख) उदाहरण दिनु ग) वर्गीकरण गर्नु घ) सारांशीकरण गर्नु
ङ) अनुमान गर्नु च) तुलना गर्नु छ) व्याख्या गर्नु ज) अनुवाद गर्नु
झ) देखाउनु ञ) फरक देखाउनु ट) पुनः गठन गर्नु ठ) पुनः क्रम मिलाउनु
ड) छलफल गर्नु

**३) प्रयोग तह वा प्रयोग गर्नु (Applying) का लागि :**
प्रयोग गर्नु संज्ञानात्मक क्षेत्रको तेस्रो तह हो । शिक्षण सिकाइमा सिकारुले सिकेका सम्पूर्ण कुरालाई मिल्दो किसिमको वातावरण पाउनसाथ कार्यान्वयन गर्न सक्नु प्रयोग हो । प्रयोग गर्नलाई विभिन्न तरिकाबाट आर्जन गरेका ज्ञान, तथ्य, विधि र नियम प्रयोग गरी नयाँ अवस्थामा समस्याको समाधान गर्न सक्नु हो । यस तहका उद्धेश्यहरुको निर्माण गर्न निम्न क्रियापदहरुको प्रयोग गरिन्छ ।

क) प्रयोग गर्नु ख) निमार्ण गर्नु ग) संरचना विकास गर्नु घ) विकास गर्नु
ङ) परीषण गर्नु च) अर्न्तवार्ता लिनु छ) नमूना देखाउनु ज) संगठित पार्नु
झ) रोज्नु ञ) योजना बनाउनु ट) छनोट गर्नु ठ) समाधान गर्नु
ड) उपयोग गर्नु

**उच्च दक्षता तह :** विश्लेषण, मूल्याङ्कन र सिर्जना उच्च दक्षता तह अर्न्तगत पर्दछ ।

**४) विश्लेषण गर्नु (Analyzing) का लागि :** विश्लेषण गर्नु संज्ञानात्मक क्षेत्रको चौथो तह हो । यस तहमा सिकारुले सिकेका, जानेका वा पहिचानगरेका कुरालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्ने, टुक्रा पार्ने जस्ता कार्य गर्न सक्ने उद्देश्यहरु राखिन्छ । यसलाई उद्देश्य र कारण चिनी सूचनालाई निरीषण गर्ने, साना साना एकाइमा टुक्राउने तथा सामान्यीकरणलाई सघाउ पुऱ्याउन अनुमान गर्ने कार्य भनि परिभाषित गरिन्छ । यस तहका उद्धेश्यहरुको निर्माण गर्न निम्न क्रियापदहरुको प्रयोग गरिन्छ ।

क) विश्लेषण गर्नु ख) मान्यता राख्नु ग) वर्गीकरण गर्नु घ) तुलना गर्नु
ङ) निष्कर्षमा पुग्नु च) फरक देखाउनु छ) पत्ता लगाउनु ज) फरक छुट्टाउनु
झ) भाग लगाउनु ञ) परीक्षण गर्नु ट) कार्य गर्नु ठ) निरीक्षण गर्नु
ड) सूची बनाउनु ढ) निर्धारण गर्नु

**५) मूल्याङ्कन गर्नु (Evaluating) का लागि :** निश्चित समुहको परिधिमा आधार बनाई सूचना, बिचारको वैधता वा कामको गुणस्तरको मूल्याङकन गरी धारणा प्रस्तुत गर्नु वा अर्काको धारणालाई प्रतिक्रिया गर्नु मूल्याङकन हो भनि परिभाषित गरिन्छ । शिक्षण सिकाइमा उद्धेश्य अनुसारको उपलब्धी हासिल भयो वा भएन भनी सिकारुद्वारा अन्तिम निर्णय दिन सक्नु मूल्याङकन हो । यस तहका उद्धेश्यहरुको निर्माण गर्न निम्न क्रियापदहरुको प्रयोग गरिन्छ ।

क) सहमत हुनु ख) असहमत हुनु ग) लेखाजोखा राख्नु घ) पुरस्कार दिनु
ङ) सम्मान गर्नु च) छनोट गर्नु छ) तुलना गर्नु ज) निष्कर्षमा पुग्नु
झ) आलोचना गर्नु ञ) निर्णय गर्नु ट) प्रतिवाद गर्नु ठ) अड्कल गर्नु
ड) व्याख्या गर्नु ढ) पुष्टि गर्नु ण) समर्थन गर्नु त) मूल्य दिनु

**६) सिर्जना गर्नु (Creating) का लागि :** सिर्जना गर्नु सज्ञानी क्षेत्रको सवैभन्दा उपल्लो तह हो । सिर्जना गर्नु मूल्याङ्कन गर्नुभन्दा पनि गाऱ्हो हुन्छ । विभिन्न तत्वलाई नयाँ संरचना जोडी कुनै समस्याको वैकल्पिक उपाय प्रस्तुत गर्नु वा सूचनाहरुलाई एकत्रित गर्नु हो । विद्यार्थीलाई नयाँ विचार उत्पन्न गर्न लगाउनु, नयाँ समस्या समाधान गर्न लगाउनु, नयाँ समस्या समाधान गर्ने तरिकाले सोधखोज गर्न लगाउनु जस्ता कार्य सिर्जना गर्नुमा पर्दछन् । यस तहका उद्धेश्यहरु निर्माण गर्न निम्न क्रियापदहरुको प्रयोग गरिन्छ ।

क) प्राप्त गर्नु ख) निर्माण गर्नु ग) परिवर्तन गर्नु घ) जोड्नु
ङ) सङग्रह गर्नु च) रचना गर्नु छ) निर्माण गर्नु ज) सिर्जना गर्नु
झ) हटाउनु ञ) ढाँचा निमार्ण गर्नु ट) छलफल गर्नु ठ) कल्पना गर्नु
ड) आविष्कार गर्नु ढ) भविष्यवाणी गर्नु ण) शुत्रपात गर्नु त) समाधान गर्नु
थ) परीक्षण गर्नु द) उत्पन्न गर्नु

## १३.४ विशिष्टिकरण तालिका

**विषय : हाम्रो नागार्जुन** **पूर्णाङ्कः ५०**

**कक्षा ८** **समय : २ घण्टा**

| **क.सं.** | **एकाइ** | **कार्य घण्टा** | **संज्ञानात्मक तह** | | | | | | | | | | | | | | | | **जम्मा अङ्कभार** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **ज्ञान (२०%) K** | | | | **बोध (३०%) U** | | | | **प्रयोग (३०%) A** | | | | **उच्च दक्षता (२०%) HA** | | | | |
| | | | O | VS | S | L | O | VS | S | L | O | VS | S | L | O | VS | S | L | |
| १ | हाम्रो नागार्जुन नगरपालिका | १३ | | | | | | | | १ | | | | | | | | | ५ |
| २ | शिवपुरी राष्ट्रिय निकुञ्जको परिचय | ६ | १ | | | | | | | | | | | | | १ | | | २ |
| ३ | वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था | ६ | | | | | | | १ | | | | | | | | | | ३ |
| ४ | पानी, फोहोरमैला व्यवस्थापन र जलवायु परिवर्तन | ६ | १ | | | | १ | | | | | | | | | | | | २ |
| ५ | विपद् व्यवस्थापन | १२ | | | | | | | | | | | | १ | | | | | ५ |
| ६ | जामाचोमा एक दिन | ६ | | | | | १ | | | | | १ | | | | | | | २ |
| ७ | आस्थाको धरोहर इचंगुनारायण | ७ | | | | | | | | | | | | | | | १ | | ३ |
| ८ | जाती, भाषा र संस्कृति | ८ | | | १ | | | | | | | | | | | | | | ३ |
| ९ | हाम्रा चाडपर्व र सहिष्णुता | ७ | | | | | | | | | | | १ | | | | | | ३ |
| १० | स्वावलम्बनको आवश्यकता | ७ | १ | | | | | १ | | | | | | | | १ | | | ३ |
| ११ | हाम्रो स्थानीय उद्यमशीलता | ९ | | | | | १ | | | | | | १ | | | | | | ४ |
| १२ | स्थानीय सहकारिता र अतिथि सत्कार | ६ | | १ | | | | | | | १ | | | | | | | | २ |
| १३ | योग शिक्षा | ६ | | | | | | १ | | | | १ | | | | | | | २ |
| १४ | नागार्जुनको संस्कृति | ३ | | १ | | | | | | | | | | | | | | | १ |
| १५ | हाम्रा साहित्यकार | ६ | | | | | | १ | | | | | | | १ | | | | २ |
| १६ | ऐतिहासिक नागार्जुन नगरपालिका | ७ | | | १ | | | | | | | | | | | | | | ३ |
| १७ | सुरक्षा शिक्षा | ६ | | | | | | | | | १ | | | | १ | | | | २ |
| १८ | अनलाइन शिक्षा | ७ | | | | | | | | | | | | | | | १ | | ३ |
| | **जम्मा** | **१२८** | **३** | **२** | **२** | | **३** | **३** | **१** | **१** | **२** | **२** | **२** | **१** | **२** | **२** | **२** | | **५०** |

| समग्र प्रश्न निर्माण योजना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | प्रश्नको प्रकार | प्रति प्रश्न अङ्कभार | प्रश्न संख्या | | | | जम्मा प्रश्न | जम्मा अङ्कभार |
| | | | ज्ञान | बोध | प्रयोग | उच्च दक्षता | | |
| १ | वहुवैकल्पिक प्रश्न | १ अङ्क | २ | ४ | २ | २ | १० | १० |
| २ | अति छोटो प्रश्न | १ अङ्क | २ | ३ | २ | २ | ९ | ९ |
| ३ | छोटा प्रश्न | ३ अङ्क | २ | १ | २ | २ | ७ | २१ |
| ४ | लामा प्रश्न | ५ अङ्क | | १ | १ | | २ | १० |
| **कुल** | | | **७** | **८** | **७** | **६** | **२८** | **५०** |

**नोटः** कक्षा ६ र ७ को प्रश्नपत्र निर्माण गर्दा कक्षा ८ को विशिष्टीकरण तालिकालाई आधार मानेर गर्ने ।

**द्रष्टव्यः**

- प्रश्न निर्माण गर्दा ज्ञान, बोध, प्रयोग र उच्च दक्षतालाई विशिष्टीकरण तालिकामा तोकिए बमोजिमको अङ्कभार अनुसार बनाउनुपर्नेछ ।
- बहुवैकल्पिक प्रश्न र अति छोटा प्रश्न १ अङ्कको हुने छन्, छोटो प्रश्न ३ अङ्कका र लामो प्रश्न ५ अङ्कका हुने छन् ।
- अङ्कभार ३ वा ५ भएका प्रश्नको उत्तर एउटै आउने गरी प्रमाणपत्र निर्माण गर्नु हुँदैन ।
- अत्यावश्यक अवस्थामा बाहेक कुनै पनि प्रश्न ०.५ मा मापन हुने गरी प्रश्नपत्र निर्माण गर्न पाइने छैन ।
- छोटा र लामो प्रश्न एउटै तहको एउटै पाठबाट भरसक एक भन्दा बढी बनाउनु हुँदैन तर समग्रमा दिएको अंकभार र क्षेत्रसँग मेल खाएको खण्डमा एकभन्दा बढी भएमा अवैध ठानिने छैन ।
- प्रश्न निर्माणकर्ताले कुनै पनि पाठबाट प्रश्न बनाउँदा दुविधा उत्पन्न हुने, दोहोरो अर्थ आउने वा मापन गर्न स्वविवेक प्रयोग गर्ने अर्थात् मापनमा अस्पष्टता हुने खालका प्रश्नहरु बनाउन पाउने छैनन् ।
- वस्तुगत प्रश्न बनाउँदा ४ वटा विकल्प दिएको हुनुपर्नेछ र विषयगत प्रश्न बनाउँदा १ अङ्कको लागि एउटा, ३ अङ्कको लागि ३ वटा र ५ अङ्कको लागि ५ वटा बुँदामा उत्तर दिन मिल्ने गरी तयार गर्नुपर्नेछ ।
- प्रश्नपत्र निर्माण गर्दा १० वटा वहुवैकल्पिक (वस्तुगत) प्रश्नका लागि १५ मिनेट र विषयगत प्रश्नका लागि १ भण्टा ४५ मिनेट गरी कुल जम्मा २ घण्टा समय सिमाभित्र सकिने गरी तयार गर्नुपर्ने हुन्छ ।

## १४. कार्यसञ्चयिका वा पोर्टफोलियो

### १४.१ आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी मूल्याङ्कन र अभिलेखीकरण प्रक्रिया सम्बन्धी मार्गदर्शन :

यस पाठ्यक्रमको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु हो। मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा लिइन्छ । कक्षा १-५ मा शतप्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणाली लागू गरिएको छ । यसको अर्थ कुनै खास परीक्षा मात्र नभई हरेक 'थिम' (विषयवस्तु) सकिएपछि विद्यार्थीले के कति सिके भन्ने कुराको परीक्षण गर्नु हो । आधारभूत तह ( कक्षा १-५) मा विद्यार्थी मूल्याङ्कन र अभिलेखीकरण प्रक्रिया तलको आधारमा गर्नुपर्छ ।

| क.सं. | चरण | के गर्ने हो ? | साधन |
|---|---|---|---|
| १ | पोर्टफोलियो व्यवस्थापन | १. विद्यार्थीको व्यक्तिगत फाराम २. कार्यपुस्तिकाको चिमगत मूल्याङ्कनको साधन तथा शिक्षकले तयार गरेको साधन ३. सिकाइ श्रीङ्खला ४. विद्यार्थीका अन्य कार्यहरू ५. थिमगत सिकाइ उपलब्धिको फाराम ६. थिमको एकीकृत फाराम ७. जिपिए निकाल्ने फाराम ८. विद्यार्थीको ग्रेडसिट | पोर्टफोलियो फाइल |
| २ | थिमगत उपलब्धि परीक्षण | हरेक थिमका सिकाइ उपलब्धिको आधारमा परीक्षण साधन निर्माण र प्रयोग गर्ने । | परीक्षण साधन |
| ३ | थिमगत परीक्षणको अभिलेखीकरण | प्राप्त नतिजालाई अभिलेखीकरण फाराममा भर्ने र अभिभावकलाई जानकारी दिन | थिमगत फाराम |
| ४ | थिमको एकीकृत नतिजा | सबै थिमको नतिजा जोडेर विषयगत उपलब्धि तयार पार्ने । | एकीकृत फाराम |
| ५ | जिपिए | विषयगत नतिजाबाट एकीकृत जिपिए निकाल्ने | जिपिए फाराम |
| ६ | समष्टिगत फारम | एकीकृत नतिजालाई IEMIS मा अपलोड गर्ने । | समष्टिगत फारम |
| ७ | ग्रेड सिट तयार | ँ विद्यार्थीलाई अन्तिम ग्रेड सिट प्रदान गर्ने । | ग्रेडसिट |

**१४.२ विद्यार्थी मूल्याङ्कन प्रक्रियामा ध्यान दिनुपर्ने मुख्य कुराहरू :**

मूल्याङ्कनलाई अङ्क (नम्बर) मा मात्र नभई विद्यार्थीको व्यवहार र सिकाइ सुधारको आधारमा हेर्नुपर्छ ।

- यस तहको मूल्याङ्कन शत प्रतिशत थिमगत मूल्याङ्कन हुन्छ । त्यसकारण परीक्षा वा परीक्षण नै नगर्ने भनेको होइन र ३ पटक परीक्षा वा परीक्षण मात्र गर्ने पनि भनेको होइन । अर्थात एउटा विषयमा जति वटा थिम रहेका छन्, त्यति नै पटक परीक्षण वा परीक्षा वा मूल्याङ्कन गर्ने भनेको हो ।
- सिकाइ सुनिश्चित गर्नका लागि मूल्याङ्कन वा परीक्षण गर्ने भनिएको हो ।
- हरेक थिमपश्चात गरिने परीक्षणका लागि तयार गर्ने प्रश्न सिकाइ उपलब्धिका आधारमा तयार गर्ने। अर्थात् जतिवटा सिकाइ उपलब्धि छन् त्यति वटा सिकाइ प्रश्न तयार गर्ने, सिकाइ उपलब्धिको आधारमा प्रश्न लिखित मात्र होइन मौखिक वा अवलोकन गर्नेको पनि अनिवार्य रूपमा बनाउने ।
- हरेक प्रश्नको मापन सिकाइ स्तरको ४ स्तरमा गर्नुपर्ने हुन्छ अर्थात् हरेक प्रश्नमा कि १ आउँछ कि २ कि ३ कि ४ आउँछ तर तोकेको वा मुख्य सिकाइ उपलब्धि हासिल गर्यो भने ३ त्यो भन्दा राम्रो हासिल गर्यो भने ४ दिने र मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा मात्र हासिल गर्यो भने २ र मुख्य सिकाइ उपलब्धि हासिल नै गरेन भने १ अङ्क दिने ।
- कुनै विद्यार्थीको १ र २ अङ्क आएको सिकाइ उपलब्धिलाई पुनः शिक्षण तथा पुनः परीक्षण अनिवार्य रूपमा गर्नु पर्छ । तर ३ अङ्क आए पुनः परीक्षण मात्र गरे पनि पुग्छ । साथै ४ आए पुनः शिक्षण र पुनः परीक्षण दुवै गर्नु पर्दैन। सिधै थप सहायतता पछिको कोलममा अङ्क राख्न सकिन्छ ।
- विद्यार्थीको सिकाइ स्तरको व्याख्या लेटर ग्रेडिङ पद्दति अनुसार गर्ने ।

**समग्रमा एउटा थिममा तलका प्रक्रियाहरू गर्नुपर्छ :**

- निश्चित समय सम्म एउटा थिमको शिक्षण गर्ने ।
- त्यसपश्चात सिकाइ उपलब्धिका आधारमा परीक्षण साधन तयार गर्ने ।
- परीक्षण गर्ने ।
- हरेक प्रश्नमा सिकाइका ४ स्तरअनुसार अङ्क प्रदान गर्ने ।
- त्यसपश्चात अभिलेखीकरण फाराममा अभिलेखीकरण गर्ने ।
- पहिलो चोटी १ र २ आए पुन शिक्षण गर्ने र १, २, ३ लाई पुनः परीक्षण गर्ने ।
- त्यसलाई पुनः अभिलेखीकरण गर्ने र उक्त थिमको सिकाइ उपलब्धि प्रतिशत निकाल्ने ।
- अभिभावकसँग छलफल गरी हस्ताक्षर गरी पोर्टफोलियो राख्ने ।

**१४.३ विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

**१४.४ क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू :**

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनहरू (जस्तैः अवलोकन, कार्यसम्पादन) उल्लेख गर्नुपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । एउटा सिकाइ उपलब्धिलाई परीक्षण गर्न एकभन्दा बढी साधनहरू आवश्यक पर्न सक्छन् ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर पाउनुपर्छ। सिकाइमा सुधार ल्याउन नियमित मूल्याङ्कन र उपचारात्मक शिक्षण आवश्यक छ ।

४. सामान्यतया सबै विद्यार्थीले सिकाइ स्तर न्यूनतम ४ पुर्‍याउने गरी क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यदि कोही विद्यार्थी स्तर १ वा २ मा रहेमा उसलाई थप सहयोग र उपचारात्मक शिक्षण प्रदान गरी स्तर वृद्धि गर्नुपर्छ ।

५. क्षेत्रगत रूपमा कुल उपलब्धि प्रतिशत निकाल्ने ।

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको संख्या}} \times १००$$

६. कक्षाको अन्तमा बिषयगत कुल उपलब्धि प्रतिशत निकाल्ने ।

$$\text{बिषयगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको संख्या}} \times १००$$

**१४.५ उपलब्धि प्रतिशत र अक्षराङ्कन (Grading) तालिका :**

प्राप्त प्रतिशतलाई तल दिएको तालिका अनुसार ग्रेडमा रूपान्तरण गरिन्छ :

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|
| ३५ भन्दा कम | NG | वर्गीकृत (Not Graded) |
| ३५ र सो भन्दा माथि ४० भन्दा कम | D | आधारभूत (Basic) |
| ४० र सो भन्दा माथि ५० भन्दा कम | C | ग्राह्य (Acceptable) |
| ५० र सो भन्दा माथि ६० भन्दा कम | C+ | सन्तोषजनक (Satisfactory) |
| ६० र सो भन्दा माथि ७० भन्दा कम | B | उत्तम (Good) |
| ७० र सो भन्दा माथि ८० भन्दा कम | B+ | उत्कृष्ट (Very Good) |
| ८० र सो भन्दा माथि ९० भन्दा कम | A | अति उत्तम (Excellent) |
| ९० र सो भन्दा माथि | A+ | सर्वोत्तम (Outstanding) |

**१४.६ विद्यार्थीको व्यक्तिगत विवरण**

**१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

Photo

(क) विद्यालयको नाम :
(ख) ठेगाना :
(ग) विद्यार्थीको नाम :
(घ) जन्म मिति :
(ङ) विद्यार्थीको घरको ठेगाना :
(च) पारिवारिक विवरण :
(अ) आमाको नाम: पेशा: सम्पर्क न :
(आ) बाबुको नाम: पेशा: सम्पर्क नं :
(छ) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको
(अ) नाम: पेशा: सम्पर्क नं. :
(आ) विद्यार्थीसँगको नाता
(ज) विद्यालय भर्ना मिति र कक्षा:
(झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता :
(ञ) अघिल्लो अनुभव :
(अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको:
(आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अन्य अनुभव

**२. स्वास्थ्यसम्बन्धी विवरण :**

(क) तौल र उचाइ

| मिति | तौल (कि.ग्रा.मा) | उचाइ (से.मि.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) कुनै विशेष रोग भएमा सोबारे टिपोट :
(ग) कुनै अपाङ्गता भए सोको विवरण :

**३. विद्यार्थी हाजिरीसम्बन्धी विवरण :**

| कक्षा | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |

विद्यार्थीको हाजिरी प्रतिशत निकाली माथिको तालिकामा भर्ने ।

**४ अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए :**

१४.७ विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम (कक्षा १ – ५) (नमुना फाराम)

| क.सं. | क्षेत्र | कार्य घण्टा | एकाइ वा थिम | सिकाइ उपलब्धि | नियमित पढाइको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| कार्य घण्टा | | | | जम्मा सिकाइ उपलब्धि सङ्ख्या | जम्मा प्राप्ताङ्क | | | | |
| अभिभावकको दस्तखत | | | | | उपलब्धि प्रतिशत | | | | |
| शिक्षकको दस्तखत | | | | | ग्रेड | | | | |
| शिक्षकको सुझाव | | | | | मिति | | | | |

## समष्टिगत मूल्याङ्कन अभिलेख फाराम (कक्षा १ – ५)

| क.सं. | एकाइ वा थिम | कार्य घण्टा | सिकाइ उपलब्धि | | बिद्यार्थीको प्राप्ताङ्क | सिकाइ उपलब्धि प्रतिशत | समग्र उपलब्धि स्तर |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | पूर्णाङ्क | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |
| | पाठ्य घण्टा | | | | | | |

नोट :

- ३२ कार्य घण्टा बराबर १ पाठ्य घण्टा
- कक्षा १ – ३ को १६० कार्य घण्टा वा ५ पाठ्य घण्टा
- कक्षा ४ – ५ को १२८ कार्य घण्टा वा ४ पाठ्य घण्टा
- पाठ्यक्रममा उल्लेख भएको सिकाइ उपलब्धि सङ्ख्यामा शिक्षकले आवश्यकता अनुसार हरेक एकाइ वा थिममा अतिरिक्त सिकाइ उपलब्धि थप गर्न सक्नुहुनेछ ।